यातायात व्यवस्थापन सहज बनाउन निर्देशन पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ •अंक १२४ • २०८२ साल आश्विन ५ गते आइतबार (21 September, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

### प्रदेश सभाको बैठक ७ गते, जनमत विपक्षी बेञ्चमा बस्ने

# विपक्षी दलहरु मुख्यमन्त्री र अर्थमन्त्रीलाई घेर्ने, पहिलो दिन शुभकामना र श्रद्धाञ्जली

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बैठक असोज ७ गते मंगलबार बस्ने सर्वदलीय बैठकबाट निर्णय गर्दै पहिलो बैठकमा शुभकामना आदानप्रदान र जेन- जीको आन्दोलनमा सहादत प्राप्त गरेकाहरुमा श्रद्धाञ्जली अर्पण गर्ने कार्यसूची तय गरिएको छ।

जनता समाजवादी पार्टी(जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले केही दिन प्रदेश सभाको बैठक नियमित रुपमा बस्ने बताए।

मधेश प्रदेश भवनमा तोडफोड र आगजनी गरिएकोले व्यापक क्षति भएको बताइए पनि हालसम्म क्षतिको यकिन भइ नसकेको अवस्थामा सभासदहरुले प्लास्टिककै कुर्सीमा बसेर भए पनि प्रदेश सभाको बैठक सञ्चालन गर्ने सहमति गरेका छन्।

जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको र मुख्यमन्त्री सतीशकुमार सिंहसहित दुई जना मन्त्रीलाई समेत फिर्ता बोलाइए पनि मुख्यमन्त्री सिंह भने फिर्ता नहुने अडानमा छन्। यसैबीच दुई जना मन्त्री वसन्त कुशवाहा र सञ्जय यादव फिर्ता भइसकेका छन्।

उच्च स्रोतका अनुसार मुख्यमन्त्री सिंहले संसद चलेको पहिलो हप्तामै विश्वासको मत लिने आन्तरिक तयारी थालेका छन्। सिंहलाई नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले विश्वासको मत दिने सम्भावना छ।



तर उनले जनमत पार्टीबाट आफू बाहेक अन्य सांसदको साथ पाउने छैनन्।

सिंहलाई विश्वासको मत दिन नेकपा एमाले भित्र असन्तुष्टि रहे पनि विद्रोह हुने सम्भावना छैन। तर नेपाली कांग्रेसमा भने विद्रोह हुने बलियो सम्भावना छ। मुख्यमन्त्री सिंहलाई विश्वासको मत कांग्रेस पार्टीले नदिने दाबी सांसद रामसरोज यादवले गरेका छन्।

कांग्रेसका अधिकांश सांसदहरु सिंहलाई नैतिकताको आधारमा राजीनामा गर्न सुझाए पनि सरकारमा रहेका मन्त्रीहरु भने सिंहकै पक्षमा चट्टान झैं अडेका छन्।

लोसपा मधेश प्रदेशका सभापति समेत रहेका सांसद जितेन्द्र सोनलले जनमतले नै समर्थन फिर्ता लिइसकेपछि आफूहरुले मुख्यमन्त्रीलाई समर्थन नगर्ने बताए।

संसदको पहिलो दिन सरकारको विषयमा मौन रहने विपक्षी दलहरुले दोस्रो दिनदेखि मुख्यमन्त्री र अर्थमन्त्रीको राजीनामा माग्ने तयारी गरेका छन्।

जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादवले संसदमा विपक्षी बेञ्चमा बस्ने सभामुख मण्डललाई लिखित जनाउ दिइसकेका छन्। सरकारबाट समर्थन फिर्ता लिइसकेकाले विपक्षी बेञ्चमा बस्ने नेता यादवले बताए।

तर मुख्यमन्त्री सिंहले आफूलाई समर्थन गर्नुको विकल्प कांग्रेस, एमाले र लोसपालाई नरहेको दाबी गरे। एमालेलाई कांग्रेसले मुख्यमन्त्री दिन तयार नरहेको, एमालेले पनि कांग्रेसलाई स्वीकार गर्ने पक्षमा नरहेको र लोसपामा आन्तरिक विवाद उत्कर्षमा रहेकाले मुख्यमन्त्रीको आफू बाहेकको विकल्प नरहेको दाबी सिंहको छ।

## सिंहले पठाए स्पष्टीकरणको जवाफ

**टुडे समाचारदाता**



जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहले पार्टी अनुशासन समितिलाई शनिबार साँझ स्पष्टीकरणको जवाफ पठाएका छन्।

सिंहका प्रेस सल्लाहकार अवधेश झाका अनुसार मुख्यमन्त्री सिंहले पार्टी अनुशासन विपरीतको कुनै कार्य नगरेकाले स्पष्टीकरणको जवाफ पठाएका छन्।

उनलाई पार्टीको अनुशासन समितिले अनुशासन विपरीत कार्य गरेकाले पार्टीको साधारण सदस्यबाट निलम्बन किन नगर्ने भन्दै बिहीबार स्पष्टीकरण सोधेको थियो। तीन भित्र जवाफ दिन भनेको अनुसार नै जवाफ पठाइएको छ।

विद्यार्थी भर्ना सम्बन्धी सूचना

ADMISSION OPEN



CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरूले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं।

नोट :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला ।

विस्तृत जानकारीको लागि सम्पर्क :

वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी

महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज

बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम-८

फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६






# ‘संविधान खारेज गरेर भएपनि जेनजीहरूको माग सम्बोधन गर्नुपर्छ’




**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले प्रदेश सरकार विघटन गरेर संघीयतालाई बलियो बनाउनुपर्ने बताएका छन् ।

काठमाण्डुमा शनिबार जारी केन्द्रीय केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै सङ्घीयतालाई बलियो बनाएर जानुपर्ने बताए ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले भने, मुलुकमा भ्रष्टाचार, कुशासन, अनियमितता, लुट एवं भ्रष्टाचार अन्त्य गर्न दलाल दल तन्त्रको सट्टा आम जनताको शासनका जरुरी छ ।

हामीले दुई वर्ष अघि तेस्रो जनआन्दोलनको घोषणा गरेको थियो । सोही तेस्रो जनआन्दोलनको जगमा अहिले जेनजीको जनविद्रोह गरेका छन् ।

मुलुकमा भ्रष्टाचार, कुशासन, अनियमितता, दलहरूको लुटकारी दलतन्त्रका कारण मुलुकको राष्ट्रियता, लोकतन्त्र र अर्थतन्त्र नै धराशायी बन्दै गएको भएको दाबी गरे। संविधान र व्यवस्था गलत भएकै कारण नेपाली जनताको अवस्था खराब भएको बताए ।

उनले संविधान र व्यवस्था गलत थियो, यही व्यवस्था कायम राखेर जेन-जीहरूको माग सम्बोधन गर्नुपर्ने भन्दै संविधान खारेज गरेर भएपनि जेनजीहरूको माग सम्बोधन गर्नुपर्ने बताए ।

# लहान मुटु अस्पतालद्वारा सेवा विस्तार



सिरहा । लहान मुटु अस्पतालले सेवा विस्तार गर्दै अत्याधुनिक परीक्षण सेवा सुरु गरेको छ। लहान नगरपालिका-४ स्थित चम्पापुरमा निर्माणाधीन यो अस्पतालले हालै मुटुरोग जाँच सम्बन्धित ‘इकोकार्डियोग्राफी’, ‘ट्रेडमिल टेस्ट’ र ‘होल्टर मोनिटर टेस्ट’ सेवा सञ्चालनमा ल्याएको छ।

त्यस्तै, शुक्रबारदेखि औपचारिक रूपमा २५ श्ययाको सेवा पनि सुरु गरिएको अस्पतालका कार्यकारी निर्देशक डा सञ्जयप्रसाद साहले जानकारी दिनुभयो।

छ महिनाअघि सुरु भएको ओपिडी सेवामार्फत हालसम्म तीन हजारभन्दा बढी बिरामीले सेवा लिइसकेका छन् । अत्याधुनिक प्रयोगशालासहित न्यूनतम शुल्कमा सेवा दिइरहेको अस्पताल नाफामुखी नभई सेवा-केन्द्रित मोडेलमा सञ्चालन भइरहेको जनाइएको छ।

अहिले अस्पतालले लहान नगरपालिकाद्वारा उपलब्ध ११ बिघा सार्वजनिक जग्गामा दुई भवनमार्फत सेवा दिइरहेको छ। डा साहका अनुसार, भविष्यमा ५०० श्ययाको पूर्ण अस्पताल बनाउने योजना रहेको छ, जसको विस्तृत परियोजना प्रतिवेदनसमेत तयार भइसकेको छ।

अस्पताल प्रशासनले एक वर्षभित्र सघन उपचार कक्ष (आइसियु) र सिटीस्क्यान सेवा सुरु गर्ने तयारी गरिरहेको छ। साथै, अस्पताललाई सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रकै स्वरुपमा कार्डियो-डायबेटिक सेन्टरका रूपमा विस्तार गरिँदैछ।

नेपाल हृदय रोग निवारण सङ्घअन्तर्गत सञ्चालनमा आएको यो अस्पताल डा बालकृष्ण ओर्म्यानको पहलमा स्थापना भएको हो । जर्मनीस्थित ‘नेपाल मेड ई भि’ र’ रोटरी क्लब कटबस’ संस्थाबाट करिब रु दुई अर्ब बराबरको सहयोगमा अस्पताल निर्माण प्रक्रिया अघि बढाइएको छ।

गुणस्तरीय सेवा दिइँदै आए पनि प्रचारप्रसार, स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीले बताउनुभयो ।रासस

# वीरगञ्ज पुनःनिर्माणका लागि ३० अर्ब छुट्याइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाको कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित गरिएको बजेट पुनःनिर्माणमा केन्द्रित गर्ने भएको छ। वीरगञ्ज महानगरले भदौं २३ र २४ गते भएको जेन- जी आन्दोलनको क्रममा भएको तोडफोड र क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि बजेट खर्च गर्ने भएको छ।

वीरगञ्जमा शनिबार आयोजित नगरसभाको २८औं विशेष अधिवेशनबाट पुनःनिर्माणसम्बन्धी प्रस्तावलाई सर्वसम्मत पारित गरेको जनाएको छ । जेन- जी आन्दोलनकारी समूहले प्रदर्शनका क्रममा वीरगञ्जस्थित भवन र सवारी साधन तोडफोड तथा लुटपाट भएको थियो।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले महानगरको संशोधित बजेट पेस गर्दै बजेटका प्राथमिकतासमेत परिवर्तन गर्नुपरेको बताए । वीरगञ्ज महानगरको १७औं नगरपरिषद्ले यसअघि आर्थिक वर्ष २०८२/०८३ का लागि तीन अर्ब २२ करोड ४८ लाख ४९ हजारको बजेट विनियोजन गरेको थियो।

विशेष अधिवेशनबाट बजेटमा भएका नगरस्तरीय पुँजीगत योजना, सामाजिक विकास कार्यक्रम तथा वडास्तरका योजनामा विनियोजन गरिएको रकमलाई पुनःनिर्माणतर्फ स्थानान्तरण गर्ने निर्णय गरेको छ । संशोधनपश्चात् करिब रु ३० करोड पुनःनिर्माणका लागि उपलब्ध हुने भएको छ।

संशोधित बजेटले प्रशासनिक भवन निर्माण, सवारी साधन खरिद, मेसिनरी उपकरण, ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फर्निचर खरिद, कार्यालय भवन मर्मत, गाडी भाडा, बिजुली बत्ती र अन्य आवश्यक सामग्री खरिदमा खर्च गर्ने प्रावधान गरेको छ।

त्यस्तै विशेष अधिवेशनबाट जेन- जी आन्दोलनका क्रममा काठमाण्डुमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका गरेका वीरगञ्ज महानगरपालिका वडा-१२ का असहाब आलमको परिवारलाई पाँच लाख उपलब्ध गराउने प्रस्ताव पारित गरिएको छ।



## वीरगञ्जको घण्टाघर तयार

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सास्थित वीरगञ्जको प्रतिष्ठाको प्रतीकको रुपमा घण्टाघरको केही भाग भत्किएको संरचना सात महिनापछि मर्मतसम्भार गरिएको छ। गत फागुन ७ गते भत्काइएको घण्टाघरको बाल्कोनी संरचना कमजोर भएर ईंटा झरेको थियो।

वीरगञ्ज महानगरले घण्टाघरको भत्किएको संरचना मर्मतसम्भार र रङरोगन गरेर फेरि पहिलाकै अवस्थामा ल्याइएको छ। वीरगञ्ज महानगर भूमि व्यवस्था तथा सहरी विकास महाशाखा प्रमुख प्रभात झाले वीरगञ्जको प्रतीक घण्टाघर मर्मतसम्भार गरेर घुम्टो पनि हटाइएको जानकारी दिए।

महाशाखा प्रमुख झाले घण्टाघर वरिपरी अत्याधिक सवारीसाधनको चाप बढी हुने भएकाले सवारीसाधन र यात्रुको सुरक्षालाई ध्यान दिँदै कन्ट्रक्सन नेटअर्थात् झालीले ढाकेर मर्मतसम्भार गरिएको बताए।

महाशाखा प्रमुख झाले घण्टाघर निर्माण करिब २० लाखभन्दा कममा हुने आकलन गरेको बताए। घण्टाघर निर्माणको ठेक्का भने महाशक्ति कन्स्ट्रक्सनले पाएको थियो । वीरगञ्ज आउने स्वदेशी तथा विदेशी पर्यटकको मुख्य आकर्षणको रूपमा घण्टाघर रहँदै आइरहेको छ।

महाशाखा प्रमुख झाले घण्टाघरको बाल्कोनीमा आकाशे पानीको उचित निकास नहुँदा घामपानीले बाल्कोनीमा क्षति गरेको बताए।

वीरगञ्जको घण्टाघर सन् १९७९ फेब्रुअरी ८ तारिखमा तयार भएको बताइन्छ।


# पर्साका आधा दर्जनभन्दा धेरै पालिकाको खाता सञ्चालनमा आएनन्

वीरगञ्ज । पर्साका १४ पालिकामध्ये आधा दर्जनभन्दा धेरै पालिकाले अझैसम्म पनि बैंक खाता सञ्चालनमा ल्याउन सकेका छैनन् । चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा धेरै समय बित्दासमेत सबै कानुनी प्रक्रिया पूरा गर्न नसक्दा खाता सञ्चालनमा ल्याउन नसकेका हुन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले पर्साका नौ वटा पालिकाले अझैसम्म पनि खाता सञ्चालनमा ल्याउन नसकेको जानकारी दिनुभयो।

पर्साका अधिंकाश पालिकाले निर्धारित समयभित्रै चालु आवको नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेनन् भने ल्याएका पालिकाले पनि आवश्यक कानुनी प्रक्रिया पूरा गर्न नसक्दा बैंक खाता सञ्चालनमा आउन नसकेको हो ।

बैंक खाता सञ्चालन नहुँदा कर्मचारीको तलवभत्ता र अन्य विकास निर्माणको गतिविधि पनि ठप्पजस्तै छ । कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक जोशीले पर्साका आठ वटा स्थानीय तहको अहिलेसम्म पनि खाता सञ्चालनमा नआएको जानकारी दिनुभयो।




“स्थानीय तहले चालु आवको रकम खातामा माग गर्दा केही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ, । गाउँ वा नगरसभाबाट पारित भएको नीति कार्यक्रम र बजेट कार्यालयमा नबुझाउँदा र प्रमुख वा गाउँपालिका प्रमुखले अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई नदिँदासम्म आर्थिक गतिविधिका लागि खाता सञ्चालन गर्न नपाइने प्रावधान छ”, उहाँले भन्नुभयो, “सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका स्रोतको पनि सूत्रमार्फत खर्चको लिपिबद्ध गर्नुपर्ने र अन्य कानुनी प्रक्रिया पूरा नभएकाले पनि खाता सञ्चालनमा आउन नसकेको हो ।”

कार्यालयका अनुसार यहाँका यहाँका विन्दवासिनी गाउँपालिका, कालिकामाई गाउँपालिका जगरनाथपुर गाउँपालिका, जिराभवानी गाउँपालिका, धोविनी गाउँपालिका, ठोरी गाउँपालिका, पकहाँ मैनपुर गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, बहुदरमाई नगरपालिकाको भने अहिलेसम्म पनि खाता सञ्चालन हुन सकेको छैन।

कार्यालयका अनुसार अहिलेसम्म वीरगञ्ज महानगर ,पर्सागढी र पोखरिया नगरपालिका, छिपरमाई गाउँपालिका, पर्टेवासुगौली गाउँपालिकाको भने खाता सञ्चालन भइसकेको छ ।रासस

# दसैं नजिकिएसँगै बजारमा उपभोक्ताको घुइँचो

काठमाण्डु । दसैं नजिकिएसँगै बजारमा किनमेल गर्नेको घुइँचो देखिन थालेको छ।

कपडा एवं खाद्यान्नका थोक तथा खुद्रा र सुपथ मूल्य पसलमा उपभोक्ताको घुइँचो लाग्न थालेको हो। राजधानीको मुख्य बजारहरु असन, इन्द्रचोक, महाबौद्ध, न्यूरोड, सुन्धारा, टेकु, त्रिपुरेश्वरमा उपभोक्ताको घुइँचो बढेको छ।

सहरमा सस्तो सामान पाइन्छ भनी किनमेलका लागि आए पनि विगतमा भन्दा भाउ बढेको पाइएको गोदावरीबाट सामान किनमेलका लागि महाबौद्ध आउनुभएकी सजना आचार्यले बताउनुभयो। “तीजअघिभन्दा पनि अहिले भाउ बढेको रहेछ, गत हप्ताको आन्दोलनका कारण व्यवसायीले भाउ बढाएजस्तो लाग्यो, कुनै पनि निकायले अनुगमन गरेजस्तो लागेन,” उहाँले भन्नुभयो, “सरकारी निकायले जुनसुकै सामान किन्दा बिल लिनु भने पनि बजारमा व्यवसायी बिल दिन अप्ठ्यारो मान्छन्, प्यान र भ्याट बिल त हत्तपत्त दिँदैनन्, दिनै परे पनि सादा बिल दिन्छन्।”

चीनसँगको नाका तातोपानी र रसुवागढी बन्द भएका कारण कपडा नआएकाले व्यवसायीले भाउ बढाएको जनाएका छन्। सरकारले अनुगमन नगर्ने र दोषीलाई कारबाही गर्ने प्रणालीको विकास नभएका कारण दण्डहीनता मौलाएको थानकोटबाट आउनुभएका मङ्गलबहादुर तामाङको भनाइ छ। तीन तहको सरकार भए पनि अनुगमनमा कसैको रुचि नभएको उहाँको भनाइ छ।

बडादसैं, तिहार र छठ पर्वका अवसरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गत भदौ ३० गतेदेखि नै सहुलियत मूल्य पसल सुरु गरिसकेको छ। यसले उपभोक्तालाई केही राहत दिएको छ। ती सुपथ मूल्य पसलमा रु पाँच, सात र १० छुट दिइएको सूचना अधिकारी माधव मिश्रले जानकारी दिनुभयो।

दाल, चामल, चिनी, गहुँका सामग्रीमा रु पाँच छुट गरिएको छ। त्यसैगरी तेल, चिउरा, आँटा, पीठो, मैदालगायतमा रु सात छुट दिइएको छ। चियापत्ती, जिरा, धनियाँ, रैथाने खाद्य वस्तुलगायत सामग्रीमा रु १० छुट गरिएको सूचना अधिकारी मिश्रले जानकारी दिनुभयो। सहुलियत मूल्य पसल छठ पर्वसम्म सञ्चालन हुने जनाइएको छ।

यस्ता पसल प्रत्येका वडामा कम्तीमा एउटा खोलिदिए पर्वमा उपभोक्ताले राहत पाउने भक्तपुरको सूर्यविनायकबाट सामान किन्न आउनुभएका बलराम कोजुले बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | वैदेशिक क्षेत्रमा आकर्षण बढ्नेछ । पारिवारिक सम्बन्ध सुदृढ हुनेछ । |
| वृष : | थोरै मिहिनेतले राम्रो आम्दानी हुनेछ । शिक्षामा सुधार हुनेछ । |
| मिथुन : | साथीभाइको सहयोग मिल्नेछ । राजनीतिक पहुँचले अवसर प्राप्त हुनेछ। |
| कर्कट : | अढैया शनि भए पनि शुभग्रहको प्रभावले सघाउनेछ । |
| सिंह : | शिक्षामा गरेको प्रयास सफल हुनेछ । व्यापारमा लाभ हुनेछ । |
| कन्या : | ठुला व्यक्तिहरुसंगको सेवा र सहयोगको अवसर प्राप्त हुनेछ । |
| तुला : | सञ्चित धन खर्च हुने सम्भावना छ। |
| वृश्चिक : | बोली र व्यवहारमा तालमेल नहुँदा समस्या हुन सक्छ । |
| धनु : | दैनिक कार्यहरु सहजै सम्पन्न हुनेछन् । तपाईको प्रशंसा हुनेछ । |
| मकर : | अनुत्पादक खर्च कटौती गर्नु लाभदायक हुनेछ । |
| कुम्भः | आफन्तले तपाईको प्रशंसा गर्नेछन् । |
| मीन : | सञ्चित धन खर्च गर्ने बानीले तनाव सिर्जना गर्न सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मध्यनेपाल नगरपालिका- ६ काउरेको ज्वाला आधारभूत स्कुल परिसरबाट देखिएको भोर्लेटार फाँटको धानखेती, ईशानेश्वर क्याम्पसको खेलमैदान र आसपासका क्षेत्र। *तस्विरः रासस*

# 'समयमै रोगको पहिचान गरे मिर्गौला बचाउन सकिने'

काठमाण्डु । समयमै मिर्गौला रोगको पहिचान गरे ९० प्रतिशत मिर्गौला बचाउन सकिने एक अध्ययनले देखाएको छ । वीर अस्पतालमा पछिल्लो ५०० जना मिर्गौला बिग्रेर निकालिएका बिरामीहरुमाथि गरिएको अध्ययनले ९० प्रतिशत मिर्गौलाका बिरामीले समयमै उपचार गरेको भए बचाउन सकिने देखिएको हो।



उक्त अध्ययन सोही अस्पतालले गरेको थियो । अस्पतालका युरोसर्जरी विभाग प्रमुख कन्सल्ट्यान्ट प्राडा रबिनबहादुर बस्नेतले ५०० जनामा ४७० जनाको मिर्गौला समयमा नै उपचार गरेको भएमा बचाउन सकिने अध्ययनमा देखिएको जानकारी दिनुभयो।

तीमध्ये ३० जनाको मात्र मिर्गौला जोगाउन नसकिने अवस्थाको रहेको उहाँले बताउनुभयो । ती जोगाउन सकिने मिर्गौला जनचेतनाको कमीले नियमित जाँच नगर्दा जोगाउन नसकिएको उहाँको भनाइ छ। उहाँका अनुसार धेरैजसो मिर्गौलाका बिरामी पत्थरीका कारण हुने गरेका छन् । ५०० जनामा गरिएको अध्ययनमा ६५ प्रतिशत बिरामीमा पत्थरीको कारण मिर्गौला बिग्रिएको देखिएको छ। त्यसैगरी १५ प्रतिशत जन्मजात मिर्गौलाका बिरामी, १० प्रतिशतमा मिर्गौलाको क्यान्सर र चार प्रतिशतमा अन्य सङ्क्रमणले मिर्गौला बिग्रने गरेको अध्ययनले पुष्टि गरेको छ।

पत्थरीले पिसाब आउने बाटो बन्द गरिदिन्छ र पिसाब थैलीमा पिसाब नआए मिर्गौला फुल्लिँदा मिर्गौला बिग्रने गर्दछ । यसरी एउटा मिर्गौला फुल्लिए पनि अर्को मिर्गौलाले काम गर्ने हुँदा बिरामीले मिर्गौला फुल्लिएको थाहा पाउँदैनन्, जसले गर्दा अर्को मिर्गौला बिग्रने चिकित्सकहरुको भनाइ छ।

जन्मजात मिर्गौलाको पिसाब थैलीमा जाने मुख बन्द भए पनि मानिसको २० देखि ३० वर्षको बीचमा मिर्गौला बिग्रने प्राडा बस्नेतले बताउनुभयो । संसारमा एकदेखि चार प्रतिशत मानिसको एउटा मात्र मिर्गौला हुने गर्दछ।

पानी कम खानाले, मधुमेहका बिरामी, मद्यपानका कारण मिर्गौला बिग्रने गर्दछ । 'पेनकिलर' औषधि (आइबुप्रोफेन, निमेसुलाइड) आफूखुसी खाँदा पनि मिर्गौला बिग्रने गर्दछ।रासस

# सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि नौ अर्ब ८० करोड निकासा

काठमाण्डु। सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान भुक्तानीका लागि अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैङ्कलाई रु नौ अर्ब ८० करोड निकासा गर्ने निर्णय गरेको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार चालु आर्थिक वर्षको दोस्रो त्रैमासको सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि छुट्याइएको रकम पहिलो त्रैमासमा निकासा गर्ने निर्णय मन्त्रिस्तरबाट भएको हो। "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजित रकमलाई कार्यक्रम संशोधनमार्फत पहिलो त्रैमासिक कायम गरी विगत सातवटा त्रैमासमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैङ्कलाई सोधभर्ना उपलब्ध गराउन आज अर्थमन्त्रिस्तरीय निर्णय भएको छ", अर्थ मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ।

नेपाल राष्ट्र बैङ्कले लामो समयदेखि बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सरकारबाट पाउन सकेको थिएन। यो रकम निकासा भएसँगै कर्जा विस्तारका लागि थप सहज हुने अनुमान गरिएको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा रु पाँच करोडसम्म, अर्ब ८० करोड निकासा गरेको अर्थमन्त्रालयले जनाएको छ।

"चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा ब्याज अनुदान प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजन रकमलाई कार्यक्रम संशोधनमार्फत प्रथम त्रैमासिक कायम गरी विगत सात वटा त्रैमासिकमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकलाई शोधभर्ना उपलब्ध गराउन मन्त्रिस्तरीय निर्णय भएको छ", अर्थमन्त्रालयका सहसचिव एवम् प्रवक्ता टङ्कप्रसाद पाण्डेद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

दुई सय ३६ परियोजनामा ३३ अर्बको वैदेशिक लगानी प्रतिबद्धता

चालु आर्थिक वर्ष २०८२/८३ को भदौसम्म २३६ परियोजनाका लागि रु ३३ अर्ब नौ करोड २० लाख ५४ हजार बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ।

उद्योग विभागले सार्वजनिक गरेको गत साउन र भदौको वैदेशिक लगानी स्वीकृतिसम्बन्धी प्रतिवेदनअनुसार २२५ वटा साना, चारवटा मध्यमस्तरीय र सातवटा ठूलो परियोजनामा लगानी प्रतिबद्धता आएको हो। विभागका अनुसार लागतका आधारमा कृषिमूलक उद्योग र परियोजना सङ्ख्याका आधारमा सूचना प्रविधिमूलक उद्योगमा सबैभन्दा धेरै लगानी प्रतिबद्धता आएको छ। कृषिमूलक उद्योगमा नौवटा परियोजनाका लागि रु २१ अर्ब ५९ करोड ८० लाख बराबरको लगानी प्रतिबद्धता आएको छ।

त्यस्तै, उत्पादनमूलक उद्योगका



महिला उद्यमशील कर्जा तथा स्टार्टअप उद्यम कर्जा रु २५ लाखसम्म उपलब्ध गराउन सक्ने व्यवस्था छ।

त्यसैगरी वैदेशिक रोजगारबाट फर्केका युवा तथा शिक्षित युवा परियोजनाका लागि रु २० लाख बराबर सहुलियतपूर्ण कर्जा उपलब्ध गराइँदै आएको छ। प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाका रुपमा रु पाँच लाख बराबर कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरुले उपलब्ध गराउने यस्तो सहुलियतपूर्ण कर्जाको ब्याज भुक्तानीका लागि सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ।

**कर्जाको ब्याज अनुदानका लागि करिब १० अर्ब निकासा**

सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि करिब १० अर्ब निकासा गरेको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्षका लागि आज रु नौ १२ वटा परियोजनामा रु एक अर्ब २४ करोड, ऊर्जामूलक उद्योगका एउटा परियोजनामा रु १८ करोड २५ लाख ५० हजार र सेवामूलक उद्योगका १५ परियोजनामा रु दुई अर्ब ८१ करोड ५० लाख बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ। त्यसैगरी पर्यटनमूलक क्षेत्रका ७९ परियोजनामा रु छ अर्ब ६९ करोड २० लाख ५० हजार सूचना प्रविधिमूलक उद्योगका १२० परियोजनामा रु ५६ करोड २७ लाख ५४ हजार बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ।

त्यस्तै, पछिल्लो दुई महिनामा मात्र ४०९ जना लगानीकर्ता तथा ६० जना लगानीकर्ताका प्रतिनिधि र १०७ जना आश्रित (डिपेन्डेन्ट) लाई नेपालका लागि भिसा सुविधा उपलब्ध गराइएको विभागले जनाएको छ। उद्योग विभागले हालसम्म कुल सात हजार ४७५ वटा परियोजनाका लागि रु छ खर्ब ८४ अर्ब ५१ करोड ४१ लाख ७१ हजार बराबरको लगानी स्वीकृत गरिसकेको छ।रासस

# यातायात व्यवस्थापन सहज बनाउन निर्देशन

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले चाडबाड लक्षित यातायात व्यवस्थापन सहज बनाउन र सडक सुरक्षाका विषयमा शनिबार सरोकारवालासँग छलफल गर्नुभएको छ।

छलफलपछि मन्त्री घिसिङले चौबिसै घण्टा यात्रुलाई सडक अवस्थाबारे जानकारी दिन र गुनासो सुन्न तथा त्यसको व्यवस्थापनका लागि निर्देशन दिनुभयो। त्यसैगरी बाढी पहिरोले अवरुद्ध सडकहरु तत्काल सञ्चालनमा ल्याउन पनि निर्देशन दिनुभएको छ।

बैठकमा काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारीसाधनहरुमध्ये सार्वजनिक सवारीसाधनहरु नागढुङ्गा-सिस्नेरी-सुरुङमार्गबाट बाहिर जाने व्यवस्था मिलाउने र दसैंपछि त्यस्ता सवारीसाधनहरु प्रवेशसमेत गर्न पाउने व्यवस्था मिलाउन छलफल भएको घिसिङको सचिवालयले जनाएको छ।

काठमाडौं उपत्यकाको नयाँ बसपार्क तथा मुलुकका विभिन्न राजमार्गमा सुरक्षा व्यवस्था चुस्त-दुरुस्त बनाउन प्रहरी गस्ती तथा प्रहरी सङ्ख्या थप गराउन नेपाल प्रहरीलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय बैठकले गरेको छ।

राजमार्गहरुको कमजोर अवस्था तथा यात्रुवाहक सवारीसाधनहरुको आवागमनलाई प्राथमिकता दिनुपर्ने भएकाले बुटवल-नारायणघाट सडकको दाउन्ने खण्डमा दसैं अवधिभर लागू हुनेगरी ठूला भारबहन सवारीसाधनहरु (१२ चक्के र सोभन्दा माथि) सञ्चालन नगर्न/नगराउन अनुरोध गर्ने निर्णय गरिएको छ । उक्त सडकखण्डका लागि खाद्यान्नलगायतका अत्यावश्यक सामग्रीहरु ढुवानी गर्ने सवारीसाधनहरुलाई निरन्तर आवागमनको व्यवस्था मिलाउन भनिएको छ।

मुलुकभरका मुख्य सडकहरुलाई चुस्त-दुरुस्त राख्न, सुधार गर्न/गराउन, पहिरोजन्य विपद्हरुको व्यवस्थापन गर्न आवश्यक सामग्री तथा यन्त्रहरुको व्यवस्थापन गर्न, बुटवल-नारायणगढ सडकको दाउने खण्डमा २४सै घण्टा दुईतर्फी यातायात सञ्चालन गर्न, नारायणगढ मुग्लिन सडक खण्डको तुइन खोलामा भएको अवरोध (पहिरो) हटाई तत्काल यातायात सञ्चालनमा ल्याउन र तातोपानी नाकालाई जोड्ने मुख्य सडक दसैंअगाडि सञ्चालनमा ल्याउनेगरी आवश्यक कार्य गर्न/गराउन बैठकले सडक विभागलाई निर्देशन दिएको छ।

आम नागरिकहरुलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न हुन अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्ने निर्णयसमेत भएको छ । मुलुकभरिको सडकहरुको अवस्था र सुरक्षालाई व्यवस्थित गर्न २४ घण्टा नै सञ्चालन हुनेगरी 'फोकल पर्सन' समेतको व्यवस्थापन गर्न/गराउन सडक विभागलाई निर्देशन दिइएको छ।

> आम नागरिकहरुलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा गर्न हुन अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्ने निर्णयसमेत भएको छ ।



शनिबारको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, यातायात व्यवस्था विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक, नेपाल प्रहरी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका पदाधिकारीको उपस्थिति थियो।

**अवरुद्ध सडक खुलाउन सरकारको पहल सुरु**

मुलुकका विभिन्न स्थानमा पहिरोका कारण अवरुद्ध सडक खुलाउन सरकारले पहल थालेको छ।

शुक्रबार रातिदेखि पहिरोले अवरुद्ध नारायणगढ-मुग्लिनसहित देशभरका मुख्य सडकमा यात्रु अलपत्र परेपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सम्बन्धित निकायका प्रमुखसँग बैठक डाक्नुभएको छ। सो बैठकमा दसैं र तिहारका लागि यातायात व्यवस्थापन तथा अवरुद्ध सडक खुलाउने विषयमा छलफल गरिने र त्यसका लागि कार्यदल बनाउने जनाइएको छ। हिजो साँझ करिब ६:३० बजेदेखि मुग्लिन-नारायणगढ सडकखण्डको तुइन खोला पुल नजिकै निरन्तर झरेको पहिरोका कारण रातभर सडक अवरुद्ध भएको थियो। करिब ७० मिटर माथिबाट निरन्तर ढुङ्गा झरिरहेको र आज बिहान ७:४० मा पुनः ठूलो पहिरो खसेर सडक अवरुद्ध छ । हाल सो स्थानमा तीन वटा 'लो शनिबार एउटा 'स्काभेटर' परिचालन गरी दुवैतर्फबाट पहिरो पन्छाउने काम भइरहेको छ। थप पहिरो नखसेमा कम्तीमा चार घण्टापछि सडक सञ्चालन हुने सम्भावना छ।

**नयाँबसपार्कमा यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण**

गौँगबुस्थित नयाँबसपार्कमा चाडपर्वमा घर जाने यात्रुको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। काठमाडौं महानगरपालिकाले यात्रु सहायताकक्षबाटै निःशुल्क स्वास्थ्य परीक्षण सुरु गरेको हो।

काठमाडौं महानगरपालिका स्वास्थ्य सेवा विभागका सिनियर अहेव दमनबहादुर नेगीले चाडपर्वमा घर जाने यात्रुलाई लक्षित गरी निःशुल्क स्वास्थ्यजाँच सुरु गरेको जानकारी दिनुभयो । महानगरपालिकाले उक्त कक्षबाट रक्तचाप र मधुमेह परीक्षण, झाडापखालाको औषधि वितरण गरिरहेको सिअहेव नेगीले बताउनुभयो। उक्त सेवा दसैंभरि सञ्चालन हुने महानगरपालिकाले जनाएको छ।

उक्त कक्षको शनिबार काठमाडौं महानगरपालिका-२६ का वडाअध्यक्ष ख्यामराज तिवारी र काठमाडौं महानगरका प्रहरी प्रमुख राजुनाथ पाण्डेले शुभारम्भ गर्नुभयो । नयाँबसपार्कमा हुने भीडभाड नियन्त्रणका लागि महानगर प्रहरीसमेत परिचालन गरिएको छ। रासस

# १७ दिने दसैं व्यापार मेला सुरु

भक्तपुर । भक्तपुर नगरपालिका-७ को महेश्वरी खेल मैदानमा आजदेखि दोस्रो भक्तपुर दसैं सस्तो व्यापार मेला सुरु भएको छ।

हिन्दूहरूको महान् पर्व दसैंको अवसरमा एकैथलोबाट सस्तो, सुलभ र गुणस्तरीय सामान आमउपभोक्तामा पुऱ्याउने उद्देश्यले औद्योगिक मेला महोत्सव प्रतिष्ठान नेपालले मेलाको आयोजना गरेको हो।

मेलाका संयोजक सङ्गम लामाले व्यापार मेलामा ५० भन्दा



बढी स्टलहरू राखिएका जानकारी दिँदै दैनिक जीवनमा प्रयोगमा आउने सामग्री, लत्ताकपडा, खाद्यान्न, अटोमोबाइल, जुत्ता तथा हस्तकलाका सामग्री, कृषि औजारका सामग्री, फूलगायत विभिन्न सामान विशेष छुटका साथ स्टलमा राखिएका बताउनुभयो।

मनोरञ्जनका लागि महोत्सवमा बाल उद्यान, रोटेपिङ, ड्रागन, नाउ, मिनी बन्जी जम्प, बाटर बल्ब, मिकी माउस, टेम्पालिङ, स्करपियोका साथै हरेक दिन राष्ट्रिय तथा स्थानीय कलाकारका हास्यव्यङ्ग्य, गीत र नृत्यको प्रस्तुति रहने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार व्यापार मेला यही असोज १९ गतेसम्म सञ्चालन हुनेछ।रासस


## जानकी ग्लोबल बचत तथा ऋण सहकारी सहकारी संस्था लि.को

## जरूरी सूचना

यस संस्था वाट विभिन्न मितिमा ऋण कर्जा लिएका ऋणी मध्ये भाखा नाघेका ऋणीहरुको धितो जग्गा घडेरी लिलाम गरी सावा र व्याज असुल गर्न मिति २०८२/५/४ र ५ गते २ दिन प्रकाशित सूचना बमोजिम यही २०८२ असोज ८ गते बुधवारका गरिने लिलाम-डाक बड़ा दशैं, तिहार तथा छठ्ठ पर्व लाई मध्ये नजर राखी हाललाई उपरोक्त मितिमा हुने लिलाम डाक अर्को सूचना प्रकाशित नभए सम्मका लागि स्थगित गरिएको छ। साथै २०८२ कार्तिक सम्म सम्वन्धित ऋणीहरुले ऋणको व्याज मात्र संस्थामा चुक्ता गरेमा निजहरुको धितो जग्गाको लिलामी स्थगित गरिने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अध्यक्ष**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जेन–जीको एजेण्डा

नेपालमा ३६ घण्टा भित्र राजनीतिक परिवर्तन गर्ने जेन-जीको आन्दोलनको एजेण्डा सम्बोधन हुने गरी अन्तरिम सरकारले काम थालेको छैन । देशको संविधान संशोधन नभएसम्म जेन- जीको एजेण्डालाई सरकारले कार्यान्वयन गर्न सक्दैन । देशमा प्रतिनिधिसभा विघटन भएको र फेरि फागुन २१ गते प्रतिनिधि सभाको नै चुनाव हुने छ । तर यो जेन- जीको एजेण्डा होइन । देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख जेन- जीको मुख्य एजेण्डा हो । आम मतदाताबाट प्रत्यक्ष रुपमा कार्यकारी अधिकार सम्पन्न राष्ट्रपतिको चुनाव हुनुपर्ने जेन- जीको प्रमुख माग हो । केही राजनीतिक दलहरु पनि कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनको पक्षमा रहेका छन् । नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपालले पहिलेदेखि नै प्रत्यक्ष कार्यकारी प्रमुखको चुनाव हुनुपर्ने माग गर्दै आएका छन् । तर अहिले हुन लागेको चुनाव प्रतिनिधि सभाको लागि हो । अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीलाई फागुन २१ गते चुनाव गराउन दिएको निर्देशन प्रत्यक्ष कार्यकारी प्रमुखका लागि होइन । त्यसैगरि भ्रष्टाचारको छानबिन गर्न अधिकार सम्पन्न उच्च आयोग गठनपनि जेन- जीको दोस्रो प्रमुख माग हो । २०४६ सालपछि सार्वजनिक पद धारण गरेकाहरुको सम्पत्ति उच्चस्तरीय छानबिन समितिले गर्नुपर्ने जेन जीको माग ओझेलमा पर्न थालेको छ । जेन- जीको आन्दोलनमा अत्यावश्यक बल प्रयोग गरी दबाउन सक्रिय रहेका र आन्दोलनकारीहरुको टाउको सहित छातीलगायतमा गोली प्रहार गरी हत्या गर्ने सुरक्षाकर्मीहरु उपर पनि कारबाही हुनुपर्ने उनीहरुको माग छ । सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने र लुटपाट गर्ने घटनाको पनि छानबिन हुनुपर्छ । उनीहरुले निश्चित उमेर बाहेकका लागि चुनावमा उम्मेदवार हुन रोक लगाउनु पर्ने माग र विदेशमा रहेका नेपालीहरुले मतदान गर्न पाउनु पर्ने माग पनि अगाडि सारेका छन् । विदेशमा लाखौं नेपालीहरु रोजगारी र अध्यनको क्रममा रहेका छन् । उनीहरु पनि मतदानमा भाग लिन पाउनु पर्ने जेन- जीको माग छ । त्यसलाई सम्बोधन गर्न सरकार र निर्वाचन आयोगले तत्काल काम थाल्नु पर्ने देखिन्छ । जेन- जीका अन्य एजेण्डाहरु पनि कार्यान्वयन हुनुपर्ने देखिन्छ । तर त्यसलाई केही पछाडि राखेर भए पनि कार्यकारी प्रमुखको प्रत्यक्ष चुनाव, संविधान संशोधन, राष्ट्रिय सभा विघटन, सार्वजनिक पद धारण गरेकाहरुको सम्पत्ति छानबिन आयोगलगायतका एजेण्डाहरुलाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने छ । अन्तरिम सरकारले फागुन २१ चुनाव गराइसक्नु पर्छ । समय धैरै छैन । तर महत्वपूर्ण कयौं कार्यहरु गर्नुपर्ने सरकारको जिम्मेवारी छ । जेन- जीको आन्दोलनले उठाएको विषयहरुलाई सम्बोधन गर्न नै कार्कीको नेतृत्वमा सरकार गठन भएको छ । तर जेन जीको एजेण्डालाई सरकारले सम्बोधन गर्ने मार्गको बाधक दलहरु नै बन्न थालेका छन् ।

### जेन-जीको आन्दोलनः

# कसले के पाए ? के गुमाए ?



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

जेन-जी नामक हूरीमा केपि ओलीको सत्ता उड्यो । सो हूरीको प्रवल वेगलाई निश्चल बग्न दिएको भए, विध्वंश मच्चिने सम्भावना न्यून हुन्थ्यो । सुरक्षाकर्मीद्वारा वेगलाई रोक्न अप्रत्यासित रुपमा अत्यधिक वल प्रयोग भयो । सडकमा चारसय भन्दा बढी जेन-जी गोली खाएर लडेका थिए । अहिलेसम्म जना जेन-जीका ५९ गरी ७४ जनाको मृत्यु भएको छ । अहिलेपनि ११ जना सघन उपचार कक्षमा जीवनमृत्यबीच सङ्घर्षरत छन् । सो हृदय विदारक घटनामा देश शोकमा डुब्यो, विहानपल्ट शोक आक्रोसमा परिणत भयो । सो आक्रोसको ज्वालामा एतिहासिक सिँहदरवार, राष्ट्रपति कार्यालय, सर्वोच्च अदालतलगायत देशभरका प्रशासनीक कार्यालय, प्रहरी चौंकीका साथै दर्जनौं नेताको घर, कतिपय उद्योग, व्यापारिक भवनसँगै प्रजातन्त्रवादीको धार्मिक मन्दिरसरह सम्मान पाएका विराटनगरको कोइराला निवासमा पनि जल्न पुग्यो ।

भदौं २४ गते प्रहरीको दमनविरुद्ध जनता सडकमा उत्रनु स्वभाविक थियो । सो जनआक्रोसमा विभिन्न समूहका घुसपैठ भएको स्पष्ट हुन्छ । जुन ठाउँमा जसले जे अवसर पाइयो, सोही किसिमका व्यवहार गरेको देखिन्छ । कोही बचाउने पक्षमा थिए भने अधिकांस व्यक्ति लुटपाट र आगजनि गर्न अग्रसर देखिन्थे । हेर्दाहेर्दै, मुलुकभर आगोको ज्वाला दन्किन थाल्यो । कतिपयको व्यक्तिगत प्रतिशोध र कतिपयको सरकारी भवन जलाएर कागज नष्ट पार्ने षडयन्त्र, कतिपयको लुट्ने मनसाय, कतिपयको यहि अवसरमा ज्ञानेन्द्रलाई राजसिँहासनमा आरुढ गराउने उद्देश्य पनि देखिन्थ्यो । सुरक्षाकर्मीको एघारह सयभन्दा बढी हतियार र गोली गट्ठा लुटिएको छ । यि हातहतियार अराजक समूहले कुनै राम्रो मनसायले लुटेको त पक्कै होइन् । समयमैं उक्त हतियारहरु बरामद भएन भने मुलुक सङ्कटमा फस्ने खतरा देखिन्छ । दसहजारभन्दा बढी कैंदी कारागारबाट भागेका छन् । यिनीहरु कारागारमा फिर्ता भएन भने जनता बढी असुरक्षित महशुस गर्नेछ । प्रहरीको बर्बरता

भदौं २३ गते सुरक्षाकर्मीले बानेश्वर क्षेत्रमा जेन-जी माथि बर्बरताको प्रकाष्ठा नै पार गऱ्यो । काठमाडौंका सडकमा प्रहरी युद्ध लडे झैं जथाभावी नवयुवा विद्यार्थीमाथि गोली प्रहार गरेका थिए । जेन-जीमाथि गरिएको ज्यादतिले कोतपर्वको सम्झना गराएको छ । विसं १९०३ असोज २ गते जङ्गबहादुरको षडयन्त्रमा प्रधानमन्त्री फत्तेजङ्ग शाहसहित ४० जना मारिएका थिए । अव नेपालको इतिहासमा कोतपर्वको घटनालाई पछाडि धकेलेर जेन-जीको प्रदर्शनमा सवैभन्दा बढी नवयुवाको मृत्यु भएको इतिहासमा भदौं २३ गते 'कालो दिन' को रुपमा अङ्कित हुनेछ ।

उनीहरु कल्पना पनि नगरेको होला कि गणतन्त्रवादी शासनमा टाउको र छातीमै गोली प्रहार हुनेछ । तर, भयो । मुलुकलाई यस पीडाबाट मुक्त हुन बर्षो लाग्ने छ । सन्तान गुमाएका अभिभावकलाई बाचुञ्जेल पीडामैं बस्नुपर्छ । भविष्यमा यस्तो घटनाको पुनरावृति नहोस् भन्ने कामना गरिरहेका छन् । आउँदो दिनमा यस्तै लुटपाट र आगजनिका घटना पुनः दोहरियो भने के हुने ? गम्भीर प्रश्न सवैको सामु छ ।

**जेन-जीको सन्देश**

जेन-जी अव, देशको सम्बन्धमा गम्भीर रुपमा चासो लिन थालेका छन् । यसलाई राज्यसत्ता र समाजलाई सकारात्मक रुपमा ग्रहण गर्नुपर्छ । कलिलो उमेर यि समूह स्वतन्त्रताको पक्षधर र प्रायः विद्रोही मानसिकताको हुन्छ । प्रविधिको युगमा यिनीहरु सचेत भइसकेका छन् । यतिखेर, यिनीहरु भ्रष्टाचारकै कारण मुलुक पिछडिएको र यसको मुख्य दोषि नेतालाई ठानेका छन् ।

उनीहरु दुईदिने आन्दोलनमार्फत भ्रष्ट नेतालाई एउटा कडा सन्देश दिएको छ । अव "धेरै भयो, हामी जागिसकेका छौं । भ्रष्टाचार र कुशासन सह्दैनौं ।" जेन-जीले आफ्नो देशमा स्वच्छ छविका नेता, इमान्दार कर्मचारी, सुशासन, शिक्षा, स्वास्थ्य र रोजगार खोजेको छ । उनीहरु सरकार भ्रष्टको पृष्ठपोषक भयो भने फेरी उठ्न सक्छौ भनेर सचेत गराएको छ । नव युवाहरु पढाइसँगै विश्वमा कहाँ के भइरहेको भन्ने बढी चासो राख्छन् । विश्वसँग आफू र आफ्ना देशलाई तुलना गर्छन् । आफू र आफ्ना देश किन धेरै पछाडि परेको कारण खोतल्न छन् । साथीबीच एकापसमा देशको शासन र सत्ताको विषयमा कुराकानी गर्छन् ।

**कसले के पाए ? के गुमाए ?**

जेन-जीको दुई दिनको आन्दोलनले विश्वका शक्ति सम्पन्न राष्ट्रपनि चकित छन् । यस आन्दोलनको लेखाजोखा सवैले आ-आफ्नै ढङ्गले गरिरहेका छन् ।

> जुन देशका नागरिकले आफ्नै देशका एतिहासिक धरोहरपनि जलाउन छन् । सो देशका नागरिक देशप्रति कतिको जिम्मेवार छन् भन्ने प्रश्न उठेको छ । भविष्यमा यस्तै किसिमका आन्दोलन भयो भने सुरक्षा कसले गर्ने ? नेपाली सेनाले शीर्ष नेताहरुलाई सुरक्षित ठाउँमा पुऱ्याए । राष्ट्रको धरोहर र सम्पतिको संरक्षण किन हुन सकेन् भन्ने प्रश्नको जवाफ कसले दिने ? जनताकै करबाट निर्माण भएका खर्बौ मूल्यका सम्पति जल्यो । भौतिक संरचना पुनः निर्माण हुन सकिन्छ । तर, बहूमुल्य कागज जलेको छ । जिल्ला प्रशासनहरु नागरिकता वितरण बन्द गरेका छन् । कसले के पाए ? देशले के गुमाए ?

अन्तर्राष्ट्रिय समाचारमाध्यमले जेन-जीको आन्दोलनको दोश्रो दिन जुन किसिमले राष्ट्रका एतिहासिक धरोहर सिँहदरवारसहित सर्वोच्च अदालतलगायत देशका अधिकांस ठाउँमा खर्बो मूल्यका भौतिक संरचना जलेर नष्ट भएको देख्दा नेपालका जेन-जी बढी उग्र छन् भने सन्देश प्रवाह भएको छ । यसको दुरगामी असर पर्न नदिनका लागि सवै पक्षलाई संवेदनशील हुनु आवश्यक छ । हामी सवैलाई थाहा छ, दोश्रो दिनको आन्दोलनमा तोडफोड, आगजनी र कुटपिटजस्ता अमानवीय घटनामा जेन-जीको संलग्नता थिएन ।

उद्योग र व्यवसायिक भवनमा आगलागी र लुटपाटको खवरले नेपालमा लगानी सुरक्षित छैन् भनेर सन्देश प्रवाह भएको छ । आउँदो दिनमा उद्योगपतिहरु उद्योग र भव्य होटेल सञ्चालन गर्न हच्किने सम्भावना छ । जुन देशका नागरिकले आफ्नै देशका एतिहासिक धरोहरपनि जलाउन छन् । सो देशका नागरिक देशप्रति कतिको जिम्मेवार छन् भन्ने प्रश्न उठेको छ । भविष्यमा यस्तै किसिमका आन्दोलन भयो भने सुरक्षा कसले गर्ने ? नेपाली सेनाले शीर्ष नेताहरुलाई सुरक्षित ठाउँमा पुऱ्याए । राष्ट्रको धरोहर र सम्पतिको संरक्षण किन हुन सकेन् भन्ने प्रश्नको जवाफ कसले दिने ? जनताकै करबाट निर्माण भएका खर्बौ मूल्यका सम्पति जल्यो । भौतिक संरचना पुनः निर्माण हुन सकिन्छ । तर, बहूमुल्य कागज जलेको छ । जिल्ला प्रशासनहरु नागरिकता वितरण बन्द गरेका छन् । कसले के पाए ? देशले के गुमाए ?

कतिपयले बङ्गलादेशको उदाहरण दिने गर्छन् । विद्यार्थी आन्दोलनपछि गठित अन्तरिम सरकारले ६ महिनामा निर्वाचन गर्ने घोषणा गरेको थियो । एक बर्ष वित्यो, अझैं कहिँले चुनाव हुने भन्ने सम्बन्धमा ठोकुवा गर्न नसकिने अवस्था छ । बङ्गलादेशमा राजनीतिक अस्थिरता छर्दैछ । तीन बर्षअघि श्रीलङ्कामा विद्यार्थीहरु राष्ट्रपति भवन, संसद् भवनलगायत विभिन्न सरकारी संरचना आफ्नो कब्जामा लिएका थिए । तर, एउटा गुलाफको फुलपनि टिपेन् । बरु, सरसफाईमै जुटेको थियो । अफ्गानिस्तानमा रुसी समर्थित सरकारविरुद्ध तालिवान (विद्यार्थी का समूह) हतियार उठाए । तीन दसकदेखि अफ्गानिस्तानमा शान्ति स्थापित हुन सकेको छैन् । यदि, अन्तरिम सरकार निर्वाचन गराउन सफल हुन सकेन् भने ति राष्ट्रजस्तै हविगत भोग्नुपर्ने अवस्थामा पुग्न बेर लाग्दैन् । तसर्थ, जसरीपनि प्रहरीको मनोवललाई उच्च बनाइ, निर्वाचनलाई सफल बनाउनुपर्छ ।

**नेताको बोली**

काठमाडौंका मेयर बालेन्द्र शाहले सरकारविरुद्ध आक्रोस पोख्ने क्रममा सिँहदरवार नै जलाउनुपर्छ भनेर स्टाट्स राख्थे । राजधानीका मेयर पढेलेखेका लोकप्रिय व्यक्ति हुन् । देशका जिम्मेवार व्यक्तिलाई देशको धरोहर सिँहदरवार जलाउने स्टाट्स लेख्नु के जायज थियो ? लेख्ने बेलामा उनले पनि कल्पना नगरेको होला कि एकदिन आफ्नो स्टाट्स सत्य हुनेछ । संसद भवनमैं प्रचण्डले प्रधानमन्त्री ओलीलाई दनक दिँदै त्यो दिन टाढा छैन, लाखौं मान्छे आएर सिँहदरवार घेर्छ भन्ने अभिव्यक्ति दिएका थिए । आवेशमा दिएका अभिव्यक्ति अहिले सत्य भएको छ ।

नेपालमा प्रजातन्त्र पुनःस्थापनादेखि नै प्रतिपक्ष रचनात्मक भूमिका भन्दा बढी सरकारको विरोध गर्न आन्दोलन गर्ने परिपाटी बसाल्यो । सानातिना घटनामा पनि संसद् अवरुद्ध गर्न थाल्यो । २०५२ सालदेखि सरकार बनाउने र ढाल्ने खेल जारी नै रह्यो । सो कारणले राजनीतिक स्थायित्व हुन सकेन र नेताप्रति जनताको सम्मान निरन्तर घटदै गयो । सरकारबाट हट्ना साथ सरकार भ्रष्टाचारमा डुबेको आरोप सामान्य भइसकेको थियो । जे जति विकास भएपनि चर्चामा आउन पाएन् । सत्ताको लुछाचुँडी देखेर जनता आजित भइसकेका थिए ।

**देशमा नकारात्मक भावनाको असर**

मुलुकमा गणतन्त्र स्थापनापछि पनि मुख्य तीन दलका तीन नेता केपि ओली, प्रचण्ड र शेरबहादुर देउवा मिलेर निर्माण गरेका त्रिभूजको दुई भाग मिलेर जसरी सत्तामा आरुढ भइरहन्थ्यो । त्यसले गर्दा, जनतामा वितृष्णा उत्पन्न भएको स्पष्ट हुन्छ । यिनीहरु देश र जनताका लागि अनुकरणीय कार्य गरेको भए, देशमा यस किसिमका वितण्डा मच्चिने थिएन् । शाही शासनविरुद्ध २०६२ सालमा जनताको समर्थन पाउनका लागि यि नेताहरु विगतमा भएका त्रुटिलाई सच्च्याउँदै आउँदो दिनमा राजनीतिक स्थायित्वका लागि प्रतिबद्धता प्रकट गरेका थिए । तर, त्यो प्रतिबद्धतामैं सीमित रह्यो । आउँदो निर्वाचनपछि पनि गणतन्त्रवादी दलका नेता र घुस्याहा कर्मचारीहरु नसुध्रिए भने मुलुकमा जिन-जीको आह्वानमा पुनः आन्दोलन हुन सक्छन् । ति आन्दोलनमा पछाडिबाट जिन-जेसँग सर्वसाधारण नागरिकपनि सहभागी भयो भने अहिलेभन्दा झन विकट परिस्थिति उत्पन्न हुने देखिन्छ । किनभने, जनतामा सुरक्षाकर्मी र सेनाको भय हटेको अवस्था छ ।

**सरकारलाई चूनौति :**

प्रधानमन्त्री सुशीला कार्की उच्च छविका पहिचान बनाएकी छन् । सो छविलाई जीवन्त राखिराख्न मुलुकलाई सङ्कटको घडीबाट उकास्दैं तोकिएको समयमैं स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गराउनुपर्ने हुन्छ । उहाँसमेत गरी चारजना अन्तरिम प्रधानमन्त्री भएका छन् । तर, सुशीला कार्की प्रधानमन्त्री हुँदा मुलुक एक किसिमले खरानी नै भइसकेका छन् ।

सुरक्षाकर्मीको मनोवल खस्किएको छ । कर्मचारीहरु त्रसित छन् । मुलुकमा सुशासन कायम गर्न सुरक्षाकर्मीको मनोवल उच्च बनाउन आत्मविश्वास जगाउनुपर्ने हुन्छ । सुरक्षाको प्रत्याभूति भएपछि मात्र निर्वाचन निष्पक्ष ढङ्गले सम्पन्न हुनेछ । मुलुकलाई अस्थिर बनाउने पक्षपनि छन् । अन्तर्राष्ट्रिय चलखेल हुन नदिन सचेत रहनुपर्छ । अन्तर्राष्ट्रिय जगतलाई नेपालमा शान्तिको वातावरण छ भनेर विश्वासमा लिनुपर्ने हुन्छ । यस किसिमका सन्देश दिनका लागि मुलुकमा पर्याप्त शान्ति सुरक्षाको व्यवस्था मिलाउनुपर्ने हुन्छ । सवै पक्षलाई समेटेर अगाडि बढ्नुपर्ने हुन्छ । परिस्थितिलाई अनुकुल बनाउनका लागि सरकारसँगै समाजलाई पनि उत्तरदायित्व भूमिका निर्वाह गर्नुपर्छ ।

फागुन २१ गते विधिवत रुपमा निर्वाचन सम्पन्न गराइ, नयाँ निर्वाचित सरकारलाई सत्ता हस्तानान्तरण भएपछि मुलुक पुनः नयाँ गतिका साथ अगाडि बढने मार्ग प्रशस्त हुनेछ । तव, निश्चित रुपमा प्रधानमन्त्री कार्कीको छवि थप उज्जवल हुनेछ ।

**आम जनताको बुझाई**

सर्वसाधारण जनतामा नेताहरु बढी भ्रष्ट छन् भन्ने आम बुझाई देखिन्छ । एकपटक निर्वाचित भएपछि अधिकांस नेताका परिवारको जीवनशैली नै फेरिन्छ । यिनीहरुको आर्थिक अवस्थामा यत्रो ठूलो परिवर्तन देखेर सरकारी बजेटमा हिनामिना गरेको वा गलत तरिकाबाट आर्थिकस्तर बलियो पारेको सर्वसाधारणको बुझाई छ । वडाअध्यक्षदेखि नै सवै निर्वाचित पदाधिकारीलाई मासिक तलव सुविधा छ । गणतन्त्र आएपछि स्थानीयतहमा गाउपालिकाका निर्वाचित जनप्रतिनिधिहरुलाई मासिक तलव र भत्ता वितरण शुरु भएको हो । जनता अव जागरुक भइसकेका छन् । हामीहरु कै करको रकमबाट कर्मचारी र निर्वाचित पदाधिकारीको तलव र भत्ता पाउने गरेको जनतालाई जानकारी छ । तापनि, जनप्रतिनिधिहरु विकास निर्माणको कार्यमा कमिशन लिने गरेको चर्चाले जनता खिन्न छन् । कतिपय विकास निर्माण गुणस्तर नहुनुको मुख्य कारण कमिशन नै हो भन्ने आरोप जनताको छ ।

देशको अधोगति हुनमा भ्रष्टाचार नै मुख्य कारक हुन् । भ्रष्टाचारलाई प्रफुल्लित बनाउनमा नेता र भ्रष्ट कर्मचारीको तालमेलकै कारण मुलुक विकासमा पिछडिएको भविष्यका कर्णधार नवयुवाको ठम्याई छ । उनीहरु नेता र उनको परिवारको उच्चस्तर जीवनशैली देखेर छक्क पर्छन् ।

**दलहरूको सकारात्मक दष्टिकोण**

यसो त, मुख्य राजनीतिक दल काँग्रेस, एमाले र माओवादी केन्द्रका प्रवक्ताहरु चुनावमा सहभागी हुने धारणा सार्वजनिक गरेका छन् । अन्तरिम सरकारद्वारा संसद् विघटनको आलोचना गरेपनि निर्वाचनमा जाने मनस्थितिलाई सकारात्मक रुपमा लिनुपर्छ । देशको मुख्य तीन दलको जिम्मेवारी मात्र नभई सम्पूर्ण देशवासीलाई निर्वाचनलाई सफल बनाउन अग्रसर हुनुपर्छ । यदि, निर्वाचन निर्धारित समयमा सम्पन्न भएन भने मुलुक २०५९को शेरबहादुर देउवाको संसद् विघटनपछि उत्पन्न परिस्थिति निम्त्ने खतरा छ । 'इतिश्री' !

# नेपालको संक्रमणकालीन राजनीतिः अस्थिरताबीचको आशा



**रंजन भगत**

नयाँ पुस्ता, विशेष गरी जेन्जी ले गरेको सङ्घर्षले मुलुकलाई पूर्ण परिवर्तनको दिशातर्फ अगाडि बढाएको छ। देशमा व्यापक भ्रष्टाचार, अनियमितता, राजनीतिक षड्यन्त्र, दाउपेच र सत्ता-स्वार्थका कारण मुलुक जहिले अस्थिरताको भूमिरोमा परेर सीमित रहिरहँदै आएको थियो। यसले गर्दा नेपालीहरू आफ्नो जीवनको विद्यमान अवस्थाबाट निराश, कुण्ठित र क्रोधित बनेका छन्। यस असन्तुष्ट युवा पुस्तालाई लाग्दछ कि तिनका सपना खोसिएका छन्।

विद्यमान समस्याहरूलाई प्रतिकार गर्न युवा पुस्ताले भदौ २३ गते लोकतान्त्रिक पद्धतिबाट शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने निर्णय गरेको थियो। तर तत्कालीन सरकारले मागलाई शान्तिपूर्ण ढंगले सम्बोधन गर्नुको साटो गोलीको बाटो रोज्यो। यसले ७१ जना नेपाली युवाको निर्दयिता पूर्वक जीवन खोसिए। तत्कालीन सरकारको दम्भ, निरङ्कुशता र अहंकारले गर्दा यो अमानवीय कार्य इतिहासमा क्रूरताको उदाहरणका रूपमा दर्ज भएको छ। मृतकहरूको सूची नै तत्कालीन सरकारको अहंकार र क्रूरताको प्रमाण बनेको छ।

जनताको सुरक्षा र कल्याणका लागि बनेको सरकारले जनताको आवाज दबाउने बाटो रोज्दा त्यसको औचित्य समाप्त भएको थियो। परिणामस्वरूप, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिए। यससँगै मुलुक संवैधानिक संकटमा फस्यो।

> जेन-जेड पुस्ताको बलिदान तथा अन्तरिम सरकारप्रतिको जनअपेक्षाले राष्ट्रलाई उज्यालोतर्फ अग्रसर गराउने अवसर प्रदान गरेको छ। उक्त अवसरलाई सदुपयोग गर्न जनता र सरकारले समान रूपमा आफ्नो दायित्वप्रति सत्यनिष्ठ भई राष्ट्रप्रतिको जिम्मेवारी निर्वाह गर्नु अपरिहार्य छ। यसरी मात्र वीर सपूत तथा शहीदहरुको अमर सपनालाई यथार्थमा परिणत गर्न सकिन्छ। यस अवसर को सदुपयोग भयो भने राष्ट्रको उज्जवल भविष्य सुनिश्चित हुनेछ।

तत्कालीन राजनीतिक अवस्था अस्थिर भएको समयमा देशको व्यवस्थालाई स्थिर बनाउने उद्देश्यका साथ, नयाँ पुस्ता (जेन्जी) ले उठाएको माग अनुसार राजनीतिक छलफल गरिए तथा कानुनबिद हरु संग असामान्य सवैधानिक संकट लाई समाधान छलफल गरिएको थियो। उक्त छलफलको परिणामस्वरूप, प्रस्तावित नामको आधारमा, राष्ट्रपतिको संवैधानिक अधिकार प्रयोग गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले सुषिला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्नुभएको हो। यस नियुक्तिको माध्यमबाट सरकार सञ्चालन र संक्रमणकालीन राजनीतिक स्थायित्व कायम गर्ने प्रयास गरिएको छ। यस निर्णयले नेपाली जनतामा नयाँ आशा र सकारात्मक परिवर्तनको विश्वास जगाएको छ।

हाल मुलुकको अवस्था शून्यमा भए तापनि जनतामा निराशाको साटो नवहर्षको अनुभूति भइरहेको छ। जनताले अन्तरिम सरकारसँग मुलुकमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा राखेका छन्। अन्तरिम सरकार गठनसँगै यो सरकारका सामु विभिन्न चुनौतीहरू उभिएका छन्। यसमा सर्वप्रथम, आन्दोलनको क्रममा भएका हिंसात्मक घटनाहरूको न्याय सुनिश्चित गर्नु पर्दछ। जेन्जी आन्दोलनको क्रममा कलिला युवाहरूको टाउको, छाती जस्ता संवेदनशील अङ्गमा ताकि ताकि गोली हानी हत्या गर्नु मानव अधिकारको घोर उल्लङ्घन हो। यस कुकृत्यका जिम्मेवारलाई कानुनको कठघरामा उभ्याउनुपर्ने आवश्यकता छ। दोषी लाई नेपाल को फौजदारी कानुन अनुसार मुद्दा चलाई कडा सजाय दिलाउने कार्य गर्नु पर्छ।

जेन-जेड प्रतिनिधिहरूले आन्दोलनको क्रममा भएको असामाजिक तत्व द्वारा घुसपैठ भएको तथ्य सार्वजनिक गरेका छन्। ती असामाजिक तत्व द्वारा आन्दोलन को आडमा सरकारी तथा गैरसरकारी सम्पति मा आगजनी गरेको थियो। यसै क्रममा नेपालीहरूको सामूहिक सार्वभौमिकताको प्रतीक मानिने संसद् भवन खण्डहर जस्तै अवस्थामा छ। कार्यपालिकाको संरचना ध्वाँसोले ढाकिएको जिर्ण कंकाल झैं देखिन्छ। नेपाली जनताले न्यायको मूर्त स्वरूप मानिने सर्वोच्च अदालत समेत क्षतिग्रस्त भएको छ।

मुलुकको धेरै सरकारी र निजी सम्पत्तिमा हानि पुगेको छ। यस अपराधिक घटनाको निष्पक्ष छानबिनका लागि अन्तरिम सरकारले आयोग गठन गरी दोषीलाई कानुनी दायरामा ल्याएर न्याय दिने काम गर्नुपर्छ।

जेन्जी आन्दोलनको मुख्य कारण देशमा व्याप्त भ्रष्टाचार, आर्थिक असमानता र राजनीतिक चलखेल हुन्। नयाँ पुस्ताले विश्वास गर्छ कि विभिन्न राजनीतिक दलका नेताहरू ठूलो आर्थिक घोटालामा संलग्न छन् र आफ्नो सरकारी पदको दुरुपयोग गर्दै अवैध रूपमा व्यक्तिगत सम्पत्ति आर्जन गरेको छन् ! यही विश्वास जेन्जी आन्दोलनको उत्पत्ति भएको मुख्य कारण पनि हो। यसै कारण, सरकारले छानबिन आयोग गठन गरी , उच्च सरकारी पद धरी तथा सवैधानिक पद धारी व्यक्ति सम्पति शुद्धिकरण गरि दोषी देखिएको व्यक्तिहरूलाई कानूनी प्रक्रियाअन्तर्गत कारवाही को दायरामा ल्याउनु अपरिहार्य छ।


संविधानले परिकल्पना गरेझैं देशमा लोकतन्त्र, शान्ति र अमन-चयन कायम गर्न अन्तरिम सरकारले ६ महिनाभित्र निष्पक्ष चुनाव सम्पन्न गर्नुपर्छ। यसले मुलुकलाई सकारात्मक दिशातर्फ अघि बढाउन मद्दत गर्नेछ।

नेपाल वर्तमानमा चुनौतीपूर्ण संक्रमणकालबाट गुज्रिरहेको छ। तथापि, जेन-जेड पुस्ताको बलिदान तथा अन्तरिम सरकारप्रतिको जनअपेक्षाले राष्ट्रलाई उज्यालोतर्फ अग्रसर गराउने अवसर प्रदान गरेको छ। उक्त अवसरलाई सदुपयोग गर्न जनता र सरकारले समान रूपमा आफ्नो दायित्वप्रति सत्यनिष्ठ भई राष्ट्रप्रतिको जिम्मेवारी निर्वाह गर्नु अपरिहार्य छ। यसरी मात्र वीर सपूत तथा शहीदहरूको अमर सपनालाई यथार्थमा परिणत गर्न सकिन्छ। यस अवसर को सदुपयोग भयो भने राष्ट्रको उज्जवल भविष्य सुनिश्चित हुनेछ।

## सुशासन र भ्रष्टाचारका विषयमा गम्भीर नहुँदा क्षतिः डा कोइराला

विराटनगर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले तत्कालीन सरकार सुशासन र भ्रष्टाचारका विषयमा गम्भीर नहुँदा जेनजी प्रदर्शनमा ठूलो क्षति भएको बताउनुभएको छ ।

शनिबार विराटनगरस्थित शेखर कोइराला निवासमा सञ्चारकर्मीहरुसँगको भेटघाटमा उहाँले हालसम्म नेपाली कांग्रेसको नेतृत्व हस्तान्तरणको विषयमा कुनै छलफल नभएको बताउनुभयो । नेता कोइरालाले जेनजी प्रदर्शनका क्रममा भएका



क्षतिबारे छानबिन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्रपति रामचन्द्र पौडेलले तत्कालीन समयमा चाल्नुभएको कदम सही भएको उल्लेख गर्दै संविधानमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था नरहेको उल्लेख गर्नुभयो ।

उहाँले लोकतन्त्र र प्रजातन्त्रको धरोहर विराटनगर स्थित कोइराला निवास जलेकामा दुःख व्यक्त गर्नुभयो । भौतिक संरचना जले पनि नेपाली कांग्रेसको इतिहास नजलेको उहाँको जिकिर छ ।रासस

### अधिकारकर्मीको प्रश्नः

# जेनजी प्रदर्शनमा बालबालिकालाई मानव ढाल त बनाउन खोजिएन ?

काठमाण्डु । गत भदौ २४ गते दिउँसो करिब १ बजे आसपासमा अमृता (नाम परिवर्तन)लाई फोनमार्फत छोरा विवेक (१७ वर्षे)लाई गण्डकी मेडिकल कलेज अस्पतालमा उपचारका लागि भर्ना गराइएको जानकारी गराइयो ।

पोखरा महानगरपालिका कार्यालयअगाडि भएको प्रदर्शनका क्रममा विवेक अनुहारमा अश्रुग्यासको सेल लागेर घाइते भएका थिए । उनलाई प्रदर्शनकारीले उद्धार गरी अस्पताल पुऱ्याएका थिए ।विवेकको अनुहारमा लागेको चोट जटिल प्रकृतिको थियो । यद्यपि अहिले उनको स्वास्थ्य सुधारोन्मुख छ । अस्पतालका नर्सहरूले आमालाई धैर्य राख्न र मनलाई बलियो बनाउन निरन्तर प्रोत्साहन दिइरहेका छन् ।

वर्षौंअघि श्रीमान्सँग छुट्टिएर बसिरहेकी अमृतामाथि तीन छोराहरूको लालनपालनको जिम्मा छ । स्थानीय बजारमा तरकारी बिक्री गर्दै आएकी उनका लागि यो अप्रत्याशित पीडा थियो ।

"मैले विवेकजाई प्रदर्शनमा नजान भनेकी थिएँ", अमृता सम्झिन्छिन्, "तर उसले 'तर उसले म एक्लै जाने होइन, साथीहरु पनि हुन्छन्, हिजो जे भएको थियो त्यस्तो आज फेरि हुने छैन भन्दै सम्झाएको थियो, तर, अहिले यो दुःखद घटना हुन पुग्यो ।"

> "यी कार्यहरुले बालबालिकामाथि अत्यन्त गहिरो असर पारेका छन् । संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिअन्तर्गतका अधिकारहरु- विशेषगरी धारा, १३ मा सुनिश्चित गरिएको अभिव्यक्तिको स्वतन्त्रतालाई अवमूल्यन गरेको छ ।"

सेभ द चिल्ड्रेन र बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)ले विभिन्न नागरिक सङ्घसंस्थासँगको परामर्शमा तयार पारेको 'नेपालमा जेनजी नेतृत्वको राजनीतिक आन्दोलनमा बालबालिका तथा युवाको अधिकार उल्लङ्घन र तत्कालका आवश्यकताहरूको द्रुत मूल्याङ्कन प्रतिवेदन'ले यस्तै मार्मिक विवरण र अवस्थालाई बाहिर ल्याएको छ ।

जेनजी समूहले सामाजिक सञ्जाल नियन्त्रण र भ्रष्टाचारविरुद्ध सरकारको जवाफदेहिता तथा पारदर्शिता माग गर्दै गत भदौ २३ मा सडकमा प्रदर्शन सुरु गरेका थिए । शान्तिपूर्ण भनिएको प्रदर्शनमा राज्यको अत्यधिक बल प्रयोगका कारण हिंसात्मक बन्न पुग्यो र सोही दिन १९ जनाको मृत्युसमेत भयो ।

यस दुःखद घटनाको प्रतिक्रियास्वरूप भोलिपल्ट भदौ २४ गते प्रदर्शनले झन् उग्ररुप लियो । प्रदर्शनमा केहीले घूसपैठ भएको आरोप पनि लगाए । उक्त प्रदर्शनममा हालसम्म मृत्यु हुनेको सङ्ख्या अहिले ७४ पुगिसकेको छ भने करिब दुई हजार घाइते भएका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा आइसकेपछि पनि आगजनी र लुटपाटका घटना नरोकिनुले जेनजीलाई कतै केवल मानव ढाल मात्र बनाइएको त थिएन ? भन्ने प्रश्न उक्त प्रतिवेदनमाथिको आजको छलफलमा



अधिकारकर्मीले उठाएका छन् ।

आन्दोलनका विद्यालय पोसाकमा नै बालबालिका र युवा आन्दोलनमा होमिदासमेत यी बालबालिका र किशोरकिशोरी हुन् भन्ने विषयलाई नजरअन्दाज गरी प्रदर्शनका क्रममा बालबालिकाको अधिकारको गम्भीर उल्लङ्घन भएको र त्यसले राजनीतिक आन्दोलनका समयमा देशको बाल संरक्षण प्रणालीका कमजोरी उजागर गरेको प्रतिवेदनले औँल्याएको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिका र युवालाई टाउको, छाती र पेटमा गोली हानिएको तथा बालबालिकालाई हिरासतमा लिइएको, यातना दिइएको र अश्रुग्यास प्रहार गरी हानि पुऱ्याइएको कार्यले नेपालको संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, अन्तरराष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, यातनाविरुद्धको महासन्धि, नेपालको संविधानको धारा, ३९ लगायत बालबालिकासम्बन्धी ऐन-निर्देशिका स्पष्ट रुपमा उल्लङ्घन भएको बताउनुभयो । अध्यक्ष पौडेलले आन्दोलनको समग्र प्रभावबारे विस्तृत अध्ययनको खाँचो औँल्याउनुभयो ।

प्रतिवेदनले प्रभावित बालबालिका र परिवारको स्वास्थ्य, मनोसामाजिक, सुरक्षा, कानुनी र शैक्षिक क्षेत्रमा तत्काल विभिन्न आवश्यकता सिफारिस गरेको छ । बालबालिकाले सुनाएका कुराहरूले उनीहरूमा गहिरो मानसिक आघात, भविष्यमा हिंसा होला भन्ने डर, निराशा र राज्य संस्थाप्रतिको असन्तोषलाई देखाएको सिजपका महासचिव राजु घिमिरेले बताउनुभयो ।

"राज्यका सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग गरिएको देखिएको छ । यसले बाँच्न पाउने, संरक्षण हुन पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने अधिकार र स्वेच्छाचारी गिरफ्तारी तथा हिंसाबाट सुरक्षा पाउनेलगायतका आधार भूत मानवअधिकार उल्लङ्घनबारे गम्भीर चिन्ता उत्पन्न गरेको छ", प्रतिवेदनमा भनिएको छ, "यी कार्यहरूले बालबालिकामाथि अत्यन्त गहिरो असर पारेका छन् । संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धिअन्तर्गतका अधिकारहरू- विशेषगरी धारा, १३ मा सुनिश्चित गरिएको अभिव्यक्तिको स्वतन्त्रतालाई अवमूल्यन गरेको छ ।"

आन्दोलनको समयमा देशभरका २९ कारागारमा रहेका १५ हजार ८८३ कैदीमध्ये १२ हजार ४९६ भागेका थिए । अहिलेसम्म केवल एक हजार ६९ फर्किएका छन् भने बाँकी ११ हजार ४७० कैदी अझै पनि फरार अवस्थामा रहँदा यसले सार्वजनिक सुरक्षामा ठूलो जोखिम सिर्जना गरेको र कारागार व्यवस्थापन तथा सुरक्षामा गम्भीर कमजोरी उजागर गरेको प्रतिवेदनमा जनाइएको छ ।

यस्तै देशभरका ६ बाल सुधार गृहबाट ६१८ बालबालिका फरार भए, जसमा २२९ जना मात्र फर्किएका छन् । ३९८ जना बालबालिका अझै सम्पर्कविहीन भएका छन् । यसले बालसुरक्षा, पुनःस्थापना र सुरक्षित वातावरणबारे तत्काल ध्यान दिनुपर्ने देखाएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले आन्दोलन र घटनाबारे आयोगले समग्र मानसिक स्वास्थ्यको चिन्ता बालबालिका र सबैमा भएकाले यसका दीर्घकालीन असरबारे समेत अध्ययन हुनुपर्ने बताउनुभयो । उहाँले आन्दोलनमा भएको मानवअधिकार उल्लङ्घनबारे आयोगको समग्र प्रतिवेदन चाँडै सार्वजनिक हुने बताउनुभयो ।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालले बाल संरक्षणविनाको बाल सहभागिता हुन नसक्ने भएकाले सुसूचना, सहभागिता, स्वसंरक्षण र स्वअनुशासनमा ध्यान दिइए बालबालिकाको पढाइ, सीप, आचरण र मानव अधिकारको सम्मानका लागि प्रभावकारी अनुगमन हुनुपर्ने बताउनुभयो ।

परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले निवर्तमान प्रधानमन्त्री ओलीले भदौ २३ गतेको घटनामा प्रहरीसँग नभएका गोली प्रहार भएको भन्ने सार्वजनिक अभिव्यक्ति आएकाले बालबालिका र युवालाई कतै मानव ढाल बनाइएको त होइन भन्ने कोणबाट पनि छानबिन हुनुपर्ने धारणा राख्नुभयो । महिला र बालबालिकामाथिको हिंसाविरुद्धको 'नेसनल एक्सन एन्ड कोअर्डिनेसन ग्रुप'का अध्यक्ष ऋतु भट्ट राईले मुलुकमा सबै गलत छन् भन्ने भाष्य नयाँ पुस्ता परेकामा घरपरिवाभित्र यथार्थ अवस्थाबारे छलफल गर्न र बाल संरक्षण संयन्त्र प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।रासस

# २० अर्ब ७० करोड बराबरको बीमा दावी

काठमाण्डु । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा उत्पन्न विषम परिस्थितिका कारण भौतिक संरचनामा पुगेको क्षतिको हालसम्म रु २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ बराबरको बीमा दावी भएको छ ।

जेनजी पुस्ताको आन्दोलनका क्रममा सरकारी तथा निजी भौतिक संरचनामा क्षति पुगेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार विभिन्न १८ वटा निर्जीवन बीमा कम्पनीमा बीमा दावी भएको छ । प्राधिकरणका अनुसार दि ओरियन्टल इन्स्योरेन्स कम्पनीमा कूल ४० वटा बीमा दावी परेको छ । त्यसको कूल दावी रु पाँच अर्ब १४ करोड ७९ लाख ६५ हजार बराबर छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीमा २५८ को रु चार अर्ब ९३ करोड २२ लाख ७९ हजार ५००, शिखर इन्स्योरन्स कम्पनीमा ३६६ वटा बीमा दावी परेको छ । कूल दावी भने रु दुई अर्ब ३९ करोड चार लाख ७७ हजार ७६४ रहेको छ । आइजिआइ प्रुडेन्सियल इस्न्योरेन्समा २४ वटा बीमा दावी परेको छ । सो कम्पनीमा रु एक अर्ब ५९ करोड छ लाख ८० हजार ८०० बराबरको बीमा दावी परेको प्राधिकरणले जनाएको छ ।

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनीमा २३३ वटा बीमा दावी छ । रु एक अर्ब ४७ करोड ५५ लाख ३१ हजार ६६६ बराबरको माग भइआएको छ ।हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा १९६ वटाको आवेदन पर्दा रु एक अर्ब १५ करोड ६२ लाख ८२ हजार ९७९ बराबरको बीमा दावी परेको छ ।नेको इन्स्योरेन्समा ४० वटाको रु एक अर्ब नौ करोड ५३ लाख ६५ हजार २०७ बराबरको माग भएको छ । सानिमा जिआईसीमा १२९ वटाको रु ७८ करोड ९३ लाख ७९ हजार बराबरको दावी छ ।

राष्ट्रिय बीमा कम्पनीमा १७२ वटाको रु ४९ करोड ५१ लाख बराबरको बीमा माग भएको छ ।युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडमा १७० वटाको रु ४८ करोड ७४ लाख ७५ हजार ३६०, नेपाल इन्स्योरेन्स कम्पनीमा ७९ वटाको रु ४६ करोड ९४ लाख ९८ हजार बराबरको बीमा दावी परेको छ ।एनएलजी इन्स्योरेन्स कम्पनीमा १५१ वटाको रु ३८ करोड ५८ लाख २२ हजार, प्रभु इन्स्योरेन्समा ६९ वटाको रु १९ करोड १८ लाख बराबरको बीमा दावी भएको छ ।

नेशनल इन्स्योरेन्स कम्पनीमा १९ वटाको रु छ करोड ८२ लाख ९० हजार ७५६ बराबरको दावी परेको छ । प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनीमा नौ वटाको रु एक करोड १३ लाख २२ हजार ८००, स्टार माइक्रो इन्स्योरेन्स कम्पनीमा छ वटाको रु ६७ लाख सात हजार ६५०, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनीमा १५ वटाको रु ५६ लाख ३६ हजार, ट्रष्ट माइक्रो इन्स्योरेन्समा आठ वटाको रु ४२ लाख बराबरको बीमा दावी भएको छ । प्राधिकरणका अनुसार हालसम्म एक हजार ९८४ वटा बीमा दावी भएको छ ।



नेपाल निर्जीवन बीमा व्यवसायी सङ्घले आन्दोलनका क्रममा भएको क्षतिको दावी भुक्तानी प्रक्रीया शीघ्र निष्कर्षमा पुऱ्याउन प्रतिवद्ध रहेको जनाएको छ । बीमा गरेका सवारी साधन तथा भौतिक संरचनाको क्षतिको यथार्थ विवरणसहित सम्वन्धित निकायमा प्रक्रियाअघि बढाउन सङ्घले आग्रहसमेत गरेको छ ।रासस

# चिरिच्याट्ट पारिँदै सिंहदरबार, मर्मत र रङरोगन धमाधम

काठमाण्डु । जेनजी प्रदर्शनका क्रममा तोडफोड, लुटपाट र आगजनीबाट खण्डहर जस्तै बनेको सिंहदरबारलाई पुरानै चमक दिलाउन धमाधम मर्मतसम्भार र रङरोगन गरिएको छ। जेनजी प्रदर्शनपछि सुनसान र खण्डहर जस्तै बनेको राजनीतिक र प्रशासनिक केन्द्र सिंहदरबारमा मर्मत र रङरोगनले चहलपहल बढेको छ ।

आगोले जलेका संरचना र धुवाँले कालो बनेका मन्त्रालयका भित्तामा पानीले पखाली रङरोगन सुरु गरिएको छ । साथै सिंहदरबारभित्र जलेर झ्याल, ढोका र फर्निचर मर्मत पनि सँगसँगै चलेको छ । आगजनीमा परी क्षतिग्रस्त करिब एक हजार सवार ासाधन पन्छ्याउने र व्यवस्थापन पनि सोही गतिमा चलेको देखिन्छ ।

मर्मत र रङरोगनका लागि केही श्रमिक खट कस्दै गरेका छन्भने कोही रङ लगाउन व्यस्त छन् । तोडफोड भएका झ्यालढोका मर्मतसम्भार गर्ने, टेबुल, कुर्सी, सोफालगायतका फर्निचर जलेर खरानी भएकाले ती फोहर हटाउन श्रमिकहरु तल्लीन भएको दखिन्छ । जेनजी प्रदर्शनपछि उत्पन्न विषम परिस्थितिमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले सिंहदरबारको मर्मतसम्भार र पुनःनिर्माणलाई प्राथमिकता दिँदै काम अगाडि बढाउने निर्णयबमोजिम सो कार्य अघि बढाइएको हो ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले पदभार ग्रहणका क्रममा जेनजी प्रदर्शनका क्रममा सिंहदरबारमा ठूलो क्षति पुगेको उल्लेख गर्दै चाँडो भग्नावशेष हटाई भित्तामा रङरोगन गरिने बताउनुभएको थियो । "सिंहदरबारका कालो लागेको भित्ता रङरोगन गर्छौं, हामी विनाशबाट चाँडै उठ्यौं है भनेर सन्देश दिन जरुरी छ" । रासस

# चाडपर्व लक्षित बजार अनुगमन गर्दै कामपा

काठमाण्डु । काठमाडौं महानगरपालिकाले आगामी सातादेखि चाडपर्व लक्षित बजार अनुगमन गर्ने जनाएको छ ।

गत भदौ २३ र २४ गते देशभर भएका जेनजी आन्दोलनका कारण एक हप्ता पर सरेको बजार अनुमगन आगामी सातादेखि गर्ने तयारी रहेको कामपाले जानकारी दिएको छ । कामपाको सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेका अनुसार हिन्दुहरूको महान् पर्व बडादसैं नजिकै आइसकेको अवस्था छ तर आन्दोलनका कारण बजार व्यवस्थापनका लागि अनुगमन हुन सकेको थिएन अब आउने सातादेखि गर्ने तयारी छ ।

प्रमुख काफ्लेले भन्नुभयो, "कामपाले बजार अनुगमन गर्दा केन्द्रबाट पनि अनुगमन टोली, सुरक्षा निकायसहितको सहभागितामा मात्र गर्ने गरेको छ । आन्दोलनका कारण सरकारका सबै संयन्त्रहरू काममा फर्किसकेको अवस्था नभएकाले आगामी सातादेखि मात्र अनुगमन गरिने तयारी गरिएको हो ।"

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक एवं महानगरकी उपप्रमुख सुनिता डङ्गोलको नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन टोलीले प्रदर्शनी मार्गस्थित टुकुचा तरकारी बजार, खसी बजार, खाद्य संस्थान सुपथ बिक्री कक्षलगायतको अनुगमन गर्ने । रासस


## Helen Keller Intl Nepal

HELEN KELLER INTL

### VACANCY ANNOUNCEMENT

Guided by the remarkable legacy of its co-founder, Helen Keller Intl partners with communities working to break long-standing cycles of poverty. By providing the essential building blocks of good health, sound nutrition, and clear vision, we empower millions to create lasting change in their lives. With over 35 years of experience in Nepal, we strive to ensure that everyone has the opportunity to reach their full potential.

**Project Overview**

The Lifesaving Nutrition for Life project is a targeted initiative designed to protect the health and well-being of vulnerable women and children in five high-burden districts of Nepal—Banke and Bardiya in Lumbini Province, and Siraha, Saptari, and Sarlahi in Madhesh Province. This project delivers a comprehensive package of essential health and nutrition services, including screening and treatment of acute malnutrition, maternal and newborn nutrition support and strengthening of the health system.

In addition to service delivery, the project focuses on capacity strengthening by equipping health workers, Female Community Health Volunteers (FCHVs), and local health facilities with the skills and tools needed to provide quality care. By reaching children under five, pregnant women, and high-risk infants, the project aims to prevent a deepening child survival crisis, reduce malnutrition-related mortality, and build resilience among families in underserved communities. The issuance of subawards will be subject to the availability of funding. These positions are contingent upon the availability of funding.

We are seeking passionate, creative and dedicated individuals to join our team in the following positions.

| Position | Location | No. of Positions |
|---|---|---|
| Field Officer | Saptari, Siraha, Sarlahi, Banke & Bardiya | 4 |
| Province Manager | Madhesh | 1 |
| Monitoring & Evaluation (M&E) Manager | Kathmandu | 1 |
| Procurement Specialist | Kathmandu | 1 |
| People & Culture and Admin Officer | Kathmandu | 1 |

Please visit **https://helenkellerintl.org.np/careers/** for the detailed job description.

**To Apply**

Qualified candidates should submit a **cover letter and resume** for the interested position to Nepal.Recruitment@hki.org, clearly mentioning the Position Title in the **subject line** of the email. The deadline for applying is **October 17, 2025.**

In the spirit of the extraordinary ability and vision of our founder, Helen Keller Intl fosters an environment of fairness and belonging for our workforce.

Helen Keller Intl is an Equal Opportunity Employer. We are committed to the principles of equal employment opportunity for all employees and applicants for employment.



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०६/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।


| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०६/१२ गते/स्थान : शाखा कार्यालय चपुर, रौतहट | २०८२/०६/२० गते, सोमबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : पुरुषोतम दुध संकलन तथा डेरी उद्योग**<br>मधेश प्रदेश सरकार, उद्योग पर्यटन वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. १०९७४/१५७४/४२८/२३५ गरुडा, दर्ता मिति : २०७८/१२/२९, पान नं. ६१८०८४२३६, दर्ता मिति : २०७८/१२/२९<br>ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १, **प्रोप्राइटर : सुनिता देवी पजियार** | |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | **जमानतकर्ताको विवरण** |
| | **नाम : राम बाबु पजियार**<br>ना.प्र.नं. ८०२६९९५३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/१२/२२<br>बाबुको नाम : राम सकल पजियार<br>बाजेको नाम : सिताराम पजियार<br>ठेगाना : धनुषा जिल्ला, सबैला वडा नं. २<br>हाल : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ | **नाम : सुनिता देवी पजियार**<br>ना.प्र.नं. ८०२६१०२१५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/०३/१९<br>पतिको नाम : राम बाबु पजियार<br>ससुराको नाम : राम सकल पजियार<br>ठेगाना : धनुषा जिल्ला, सबैला वडा नं. २<br>हाल : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | १. सुनिता देवी पजियारको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, कटहरीया गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ३९८, ३९९ र ४०० को क्षेत्रफल क्रमशः ०-३-१०-०, ०-४-० र ०-१२-५ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. सुनिता देवी पजियारको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७४ को क्षेत्रफल ०-०-११-८ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>३. सुनिता देवी पजियारको नाममा मालपोत कार्यालय सिरहा, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ४७०० को क्षेत्रफल ०-०-५ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# हामीले बोक्ने स्मार्टफोनमा भएका क्यामराको श्रेय आइन्स्टाइनलाई



बीबीसी

काठमाण्डु। एक इन्जिनियरले 'क्यामरा फ्ल्याश गन' हातमा उठाए अनि डेस्कमा राखिएको सानो सर्किट बोर्डतिर ताके। त्यो उपकरण चल्नासाथ कोठामा झिलिक्क उज्यालो फैलियो। सबै जनाका आँखा झिम्किए। अनि त्यही बेला उनीहरूले त्यहाँ राखिएको कम्प्युटर बिग्रिएको पनि देखे।

'राज्बरी पाइ' समूहले आफूले विद्यालयहरू र विद्युतीय सामग्रीका पारखीहरूका लागि बनाएको एउटा सस्तो कम्प्युटर फोटो खिच्दा बिग्रिन्छ भन्ने पुष्टि गऱ्यो। जेनन फ्ल्याश ल्याम्प प्रयोग गर्दा त्यसो हुन्छ भन्ने पक्कापक्की भयो।

"त्यसरी कम्प्युटरे बिग्रँदा हामी रमायौँ," राज्बरी पाइका संस्थापक एबन अप्टन भन्छन्। उनीहरूले उक्त कम्प्युटरमा जडान गरिएको एउटा चिप 'फोटोइलेक्ट्रिक इफेक्ट' अर्थात् प्रकाशले इलेक्ट्रनहरू निष्काशन गर्दा उत्पन्न विद्युत् वा 'प्रकाशविद्युतीय प्रभाव'का कारण बिग्रिन्छ भन्ने भेउ पाएका थिए। त्यसलाई तपाईँ उल्टो "लाइट स्विच" पनि भन्न सक्नुहुन्छ। अप्टन र उनका सहकर्मीहरूले त्यस्तो समस्या देखा पर्ने भन्ने ठान्दै ठानेका थिएनन्। सन् २०१५ को सुरुतिर उक्त कम्प्युटर बजारमा गएपछि 'राज्बरी पाइ २'का एक प्रयोगकर्ताले उक्त समस्या पहिल्याए। त्यसपछि निर्माण गरिएका कम्प्युटरका नयाँ संस्करणहरूमा समस्याकारी चिप एक किसिमको सुरक्षाकवचभित्र राखियो। चिपलाई ढाक्ने बाक्लो कालो पत्रले भित्र छिर्ने प्रकाश छेकिदिन्थ्यो।

एक शताब्दीअघि अल्टबर्ट आइन्स्टाइनले एउटा अभूतपूर्व शोधपत्र प्रकाशित गर्दै फोटोइलेक्ट्रिक इफेक्टबारे व्याख्या गरेका थिए। विद्यावारिधि गर्दै गर्दा उनले सन् १९०५ मा त्योसहित चारवटा शोधपत्र प्रकाशित गरेका थिए। त्यही खोजका लागि उनले सन् १९२१ मा भौतिकशास्त्रतर्फ नोबेल पुरस्कार हात पारे। फोटोइलेक्ट्रिक इफेक्ट अर्थात् प्रकाशविद्युतीय प्रभावले विभिन्न खालका प्रविधिलाई परिस्कार गर्न सघाएको छ। अहिले यो वैज्ञानिक प्रक्रिया शङ्कास्पद व्यक्ति वा चोर आएको चेतावनी दिने अलार्मदेखि सोलर प्यानल र तपाईँ हामीले हातहातमा बोक्ने स्मार्टफोनका क्यामरामा पनि प्रयोग हुन्छ। यो कुरा राम्ररी बुझ्न हामीले प्रकाशमा के हुन्छ भन्ने थाहा पाउनुपर्छ। उक्त प्रश्नले आइन्स्टाइनलाई पनि पिरोलेको थियो। सन् १९०५ सम्म वैज्ञानिकहरू प्रकाश तरङ्गका रूपमा मात्र हुन्छ भन्ने धारणा राख्थे। माक्स प्लाङ्कले "क्वान्टा" सिद्धान्त प्रतिपादन गरिसकेका थिए। उक्त सिद्धान्तले प्रकाशसहित सबै विकिरणमा अलगअलग 'प्याकेट'मा ऊर्जा हुने अवधारणा अघि सारेको थियो। तर त्यो निकै विवादित थियो।

हाइनूरिख हेट्र्जसहितका वैज्ञानिकहरूले पनि प्रकाशबाट ससाना झिल्का निकालेर वा विद्युत् चार्ज गराइएका सुनका पाताहरूमा विकर्षण उत्पन्न गराएर प्रकाशविद्युतीय प्रभाव देखाएका थिए।

"प्रकाशबाट विद्युत् उत्पन्न गराउन सक्ने केही अनौठा र अज्ञात प्रक्रियाहरू थिए। त्यसबाट मानिसहरू रनभुल्लमा पर्थे - त्यो बुझ्नै सकिँदैनथ्यो," संयुक्त राज्य अमेरिकास्थित गेटिस्बर्ग कलेजका स्टीभ गिम्बल भन्छन्।सबैभन्दा अचम्मलाग्दो कुरा चाहिँ प्रकाशबाट उत्सर्जित इलेक्ट्रनहरूको ऊर्जा प्रकाशको सघनताका कारण भिन्न हुँदैनथ्यो। तर प्रकाशको आवृत्ति (फ्रीक्वन्सी) वा रङ्गले प्रभाव पार्थ्यो।

तीनछक्क पार्ने कुरो! धेरै प्रकाश हुनु भनेको धेरै ऊर्जा हुनु हो, हैन त? तरङ्गका जस्ता गुणयुक्त भिन्नाभिन्नै प्याकेट वा कणहरू (तिनलाई पछि 'फोटन' भनियो) बाट प्रकाश बनेको भए ती कणहरूको ऊर्जाले त्यसलाई व्याख्या गर्न सक्छ भन्ने आइन्स्टाइनलाई लाग्यो। "एउटा फोटन कुनै इलेक्ट्रनमा बज्रिँदा त्यो इलेक्ट्रन उत्तेजित हुन्छ," यूनिभर्सिटी अफ योर्कका पोल डेभिस भन्छन्। उक्त फोटनमा पर्याप्त ऊर्जा हुँदासम्म 'फोटोइलेक्ट्रिक इफेक्ट' देखा पर्छ अनि उक्त पदार्थबाट इलेक्ट्रन मुक्त हुन्छ।

फोटोको ऊर्जाको मान देख्न सकिने प्रकाशको रङ्गसँग प्रत्यक्ष सम्बन्धित हुन्छ। उदाहरणका लागि, रातो रङ्गमा भएका फोटनमा भन्दा नीलो रङ्गमा भएका फोटनमा बढी ऊर्जा हुन्छ। त्यसैले हेट्र्सले गरेको एउटा प्रयोगमा ऊर्जावान् पराबैजनी प्रकाशबाट निकै शक्तिशाली झिल्का निस्किएको देखियो।

आइन्स्टाइनको शोधमा एकमत थिएन - विशेष गरी उनले प्रतिपादन गरेको सापेक्षताको विशेष सिद्धान्तमा। त्यसैले नोबेल भौतिकशास्त्र समितिका केही सदस्यहरूले उनलाई पुरस्कार दिन सङ्कोच माने। बरु उनीहरूले उनलाई फोटोइलेक्ट्रिक इफेक्टका लागि पुरस्कृत गरे।

वैज्ञानिकहरूले लामो समयदेखि नोबेल पुरस्कारका लागि फोटोइलेक्ट्रिक इफेक्ट सर्वोत्तम छनोट थियो कि थिएन भनेर बहस गर्दै आएका छन्। तर फोटोइलेक्ट्रिक इफेक्ट हामीले प्रयोग गर्ने अनेकौँ प्रविधिमा प्रयुक्त भएको छ र त्यसले हाम्रो दैनिक जीवनमा ठूलो परिवर्तन ल्याइदिएको छ भन्नेमा दुईमत छैन।

उदाहरणका लागि, चोर पसेको जनाउ दिने अलार्म प्रणालीले कसरी काम गर्न भन्ने बुझौँ। उक्त उपकरणमा जडित मोशन सेन्सरहरूले इन्फ्रारेड प्रकाशको एउटा पुञ्ज निकालिराख्छन्। तर कुनै मानिस आयो भने त्यो प्रकाशपुञ्ज छेकिन्छ अनि सेन्सरले प्राप्त गर्ने प्रकाश फेरिन्छ। त्यसो हुँदा विद्युत् प्रवाहमा पनि परिवर्तन आउँछ र अलार्म बज्न थाल्छ।

ओलिम्पिक गेम्समा दौड प्रतियोगिताहरूमा धावकहरूले कति बेला अन्तिम रेखा पार गरे भनेर स्पष्ट समय पत्ता लगाउन पनि फोटोइलेक्ट्रिक सेल प्रयोग गरिन्छ। पानीजहाजमा कुहिरो पत्ता लगाउन अनि कारमा चाहिँ वर्षा हुन लागेको पत्ता लगाउन र कुहिरोको जनाउघण्टी एवं सिसा पुछ्ने वाइपर आफैँ खुल्ने बनाउन पनि प्रविधि प्रयोग हुन्छ। फोटोइलेक्ट्रिक इफेक्ट प्रयोग गर्ने अर्को लोकप्रिय साधन डिजिटल क्यामरा हो। डिजिटल क्यामरा जडित सेन्सरहरूले तस्बिर खिच्न सघाउँछन्।

अहिले लगभग सबै मानिस सीएमओएस प्रविधि प्रयोग गर्छन्। नासाले सन् १९९० को दशकमा अन्तरिक्षमा प्रयोग गर्ने उद्देश्यसहित यो प्रविधिमा परिष्कार गरेको थियो। तर अर्बौँ स्मार्टफोनमा जडान हुन पुग्यो। नासाको सीएमओएस एक्टिभ-पिक्सल इमेज सेन्सर परियोजनामा सहभागी इन्जिनियर एरिक फसम अहिले प्रकाशको सूक्ष्मतम परिमाण अर्थात् एउटा फोटनप्रति पनि संवदेनशील हुने इमेज सेन्सरसँग सम्बन्धित काम गर्दै छन्।

'फोटन-काउन्टर' भनिने त्यस्ता उपकरणहरू अहिले प्रयोगशालामा उपलब्ध छन्। सीटी स्क्यान गर्दा बिरामीले कम विकिरण खेप्नुपर्ने अवस्था सिर्जना गरी त्यसबाट प्राप्त हुने तस्बिरको गुण बढाउँदै डिजिटल इमेजिङमा ठूलो परिवर्तन ल्याइदिन सक्छन्। "यो नयाँ प्रविधिको सहयोगमा व्यवहारतः अँध्यारोमा देख्न सक्ने क्षमता पनि हामीसँग हुने छ," डार्टमथ कलेजसँग आबद्ध फसम भन्छन्।

आइन्स्टाइनले सन् १९०५ मा फोटोइलेक्ट्रिक इफेक्टको सिद्धान्त लेखेयता यससँग सम्बन्धित अनेकौँ रमाइला कुराहरू पत्ता लागेका छन्।तर कुरा त्यत्तिकैमा टुङ्गिँदैन। सन् १९६० को दशकमा चन्द्रमामा अवतरण गरेका अन्तरिक्षयात्रीहरूले चन्द्रमाको क्षितिजमा एउटा अनौठो कुरा देखे - एउटा भिन्न खालको आभामण्डल जुन बिस्तारै हुँदै गरेको सूर्यास्तजस्तै देखिन्थ्यो।

> **वैज्ञानिकहरूले लामो समयदेखि नोबेल पुरस्कारका लागि फोटोइलेक्ट्रिक इफेक्ट सर्वोत्तम छनोट थियो कि थिएन भनेर बहस गर्दै आएका छन्।**

वायुमण्डलमा हुने कणहरूले सूर्यको किरण छरिँदिँदा पृथ्वीमा सूर्योदय र सूर्यास्तका बेला विशेष परिदृश्य बन्न पुग्छ। तर चन्द्रमामा पृथ्वीको जस्तो वायुमण्डल हुँदैन। चन्द्रमामा त्यस्तो आभामण्डल कसरी उत्पन्न भयो होला त?सूर्यबाट आएको प्रकाश चन्द्रमाको सतहमा भएको धुलोमा ठोक्किँदा फोटोइलेक्ट्रिक इफेक्ट उत्पन्न भएको र त्यसबाट धुलोका कणमा धनात्मक विद्युतीय चार्ज भयो भन्ने कुरा पत्ता लाग्यो।

धुलोका ती सूक्ष्म कणहरूले एकअर्कालाई विकर्षित गरे अनि बेलाबेलामा चन्द्रमाको भुइँमाथि उडे। त्यस क्रममा तिनले भर्खर अस्ताएको सूर्यको प्रकाश भेट्दा चन्द्रमाको क्षितिजमा आकर्षक आभा फैलियो।

# नेपालको टी-२० विश्वकप खेल्ने बाटो कस्तो

बीबीसी



काठमाण्डु । सन् २०१४ को टी-२० विश्वकप खेलेपछि नेपालको राष्ट्रिय पुरुष क्रिकेट टोलीलाई अर्को विश्वकप खेल्न १० वर्ष लाग्यो । यति लामो समय किन? नेपाली क्रिकेट टोलीको आरोह अवरोहमा उठेको यो प्रश्नमा नेपाल क्रिकेट सङ्घका सचिव पारस खड्काले भनेका थिए- अब भने यति लामो समय लाग्ने छैन।

यसै स्वरूप गत वर्षको अमेरिका - वेस्ट इन्डिज विश्वकपपछि नेपाल क्रिकेट सङ्घ (क्यान) ले अर्को विश्वकप खेल्ने यात्रामा केन्द्रित रहेर तीव्र तयारी गरेको देखियो। ओमानमा तीन हप्तापछि विश्वकप छनोटको अन्तिम प्रतिस्पर्धा स्वरूप 'एसिया प्यासिफिक छनोट' प्रतियोगिता हुँदै छ । त्यसनिम्ति गरिएको बिदाइ समारोहमा नेपाली कप्तान रोहित पौडेलले प्रतिबद्धता दोहोऱ्याउँदै भने, "हाम्रो एउटै उद्देश्य भनेको विश्वकप खेल्नु हो र यसका लागि हामी तयार छौँ।" ओमानमा हुने विश्वकप छनोटको शीर्ष ३ भित्र पर्न सके नेपाल अर्को वर्ष भारत र श्रीलङ्काले संयुक्त रूपमा आयोजना गर्न लागेको टी २० विश्वकपमा छनोट हुने छ।

विश्वकपमा २० टोलीले सहभागिता जनाउने छन्। जसमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसीसीले इस्ट एसिया र एसियाको लागि ३ वटा कोटा छुट्ट्याएको छागत वर्ष अमेरिका-वेस्ट इन्डिजमा आयोजना भएको विश्वकपको सुपर ८ मा पुग्न सकेको भए नेपाल सिधै विश्वकपमा छानिने थियो।प्रशंसनीय प्रदर्शन गरे पनि नेपाल माथिल्लो चरणमा उक्लिन सकेन। यद्यपि विश्वकप खेलेको हैसियतले नेपाल, ओमान र पपुवा न्युगिनीले एसिया प्यासिफिक क्षेत्रीय छनोटमा भने सिधै प्रवेश पाए।

एसिया प्यासिफिक क्षेत्रीय छनोट आगामी अक्टोबर ८ देखि १७ तारिखसम्म ओमानको अल अमेरत क्रिकेट मैदानमा हुने छाप्रतियोगितामा कुल ९ राष्ट्र सहभागी छन्। जसमा ६ राष्ट्रहरू यूएई, जापान, कुवेत, मलेसिया, समोआ र कतार छनोट चरण पार गरेर आएका हुन्।यी ९ टोलीलाई तीन समूहमा विभाजन गरिएको छ। जसमा नेपाल रहेको समूह 'बी' मा जापान र कुवेत छन्। त्यस्तै समूह 'ए' मा युएई, मलेसिया र कतार तथा समूह 'सी' मा ओमान, पपुवा न्युगिनी र समोआ रहेका छन् ।

तीन वटै समूहका शीर्ष २ टोली सुपर सिक्समा पुग्ने छन् । अनि ६ टोलीबीच राउन्ड रोबिन लीग प्रतिस्पर्धा भएपछि शीर्ष ३ मा रहने टोलीले विश्वकप प्रवेश पाउने छन्। क्रिकेट विश्लेषकहरूका अनुसार तुलनात्मक रूपमा यसपालि नेपाललाई विश्वकप पुग्न सहज देखिन्छ। तर राष्ट्रिय टोलीका सिनियर खेलाडी सोमपाल कामी भने सतर्क छन्।बिदाइ समारोहमा उनले भने, "टी २० मा कुनै एक खेलाडी वा कुनै १ ओभरमा बाजी पल्टिन सक्ने कुरामा हामी सचेत छौँ।"

नेपालले विगतमा यस्तो झट्का धेरै पटक खाइसकेको छ। अमेरिका-वेस्ट इन्डिज विश्वकप खेलेर फर्किएको नेपाली टोली एसिया कपमा छनोट हुन असफल मात्र भएन, हङकङसँग पराजित हुन पुग्दा एसीसी इमर्जिङ कप समेत गुमाउनु परेको थियो।यद्यपि कुनै उथलपुथलपूर्ण नतिजा नआएको खण्डमा सुपर सिक्समा ओमान, यूएई, कुवेत, पपुवा न्युगिनी जस्ता टोलीबीच नै भेट हुने देखिन्छ।यस्तोमा विश्वकपको लागि लामो समयदेखि तयारी गर्दै आएको नेपाल शीर्ष ३ भित्र रहने कतिपयको अनुमान छ।

सोमपाल कामी पनि भन्छन्, "हामी शीर्ष ३ मा हुनेछौँ र अहिले विषम परिस्थितिबाट गुज्रिरहेका नेपालीमाझ खुसी बाँड्न चाहन्छौँ।" विश्वकपको अन्तिम तयारी स्वरूप नेपाल अहिले वेस्ट इन्डिजसँग तीन वटा टी २० खेल खेल्न युएईमा जान लागेको छायुनिटी कप नाम दिइएको उक्त प्रतिस्पर्धा यही सेप्टेम्बर २७, २९ र ३० मा हुने छ।

सो प्रतिस्पर्धाको खास विशेषता के हो भने पहिलो पटक नेपालले कुनै टेस्ट राष्ट्रसँग अन्तर्राष्ट्रिय शृङ्खला खेल्दै छ। वेस्ट इन्डिज जस्तो बलियो टोलीसँग खेल्दा विश्वकप छनोट अगाडि नेपाली खेलाडीहरूको मनोबल उच्च हुने नेपाल क्रिकेट सङ्घको विश्वास छ।

वेस्ट इन्डिजको खेलपछि युएई बाटै टोली ओमान जानेछ। त्यहाँ पनि नेपालले दुई अभ्यास खेल्ने तालिका छाटी २० विश्वकप केन्द्रित रहेर क्यानले लामो तयारी गरेको थियो।गत एप्रिलमा नेपालले हङकङमा गएर चार देशीय शृङ्खला खेल्यो। स्कटल्यान्डमा विश्वकप लीग -२ को खेल सकिएपछि नेपालले स्कटल्यान्ड र आयरल्यान्डसँग टी २० शृङ्खला खेलेको थियो।

भदौ महिनामा नेपालले अस्ट्रेलियामा गएर टप एन्ड टी-२० शृङ्खला खेल्यो। नेपालसहित चार राष्ट्रका टोली र अस्ट्रेलियाको बिग ब्यास लीगका एकेडेमी टोलीहरू सम्मिलित उक्त शृङ्खलामा टोलीले ६ खेल खेलेको थियो।युरोपदेखि अस्ट्रेलिया र यूएईसम्म तथा पाकिस्तान 'ए' देखि बिग ब्यास टोली र वेस्ट इन्डिजसँगको खेलको अनुभव नेपालको लागि महत्त्वपूर्ण हुने देखिन्छ।

**२०२६ को टी-२० विश्वकपका २० टोली**

*सोझै छनोट भएका टोलीहरू :*
*आयोजकः भारत र श्रीलङ्का*
*विश्वकप २०२४ का शीर्ष ७ टोलीहरूः*
*अफगानिस्तान, अस्ट्रेलिया, बाङ्लादेश, इङ्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका र वेस्ट इन्डिज*
*सन् २०२४ को जुन ३० सम्म टी-२० आई वरियतामा माथि रहेको आधारमाः*
*आयरल्यान्ड, न्यूजिल्यान्ड र पाकिस्तान*
*क्षेत्रीय छनोटबाट विश्वकप पुग्ने राष्ट्रहरू*
*युरोप छनोटबाटः२ (इटली र नेदरल्यान्ड्स)*
*एसिया प्यासिफिक छनोटबाट : ३ (बाँकी)*
*अमेरिका छनोटबाट : १ (क्यानडा)*
*अफ्रिका छनोटबाट : २ (बाँकी)*

# क्रिकेट : फुटेको पिचमै फुल्दै आशाको सपना




कञ्चनपुर । फुटेको पिच, बल, च्यातिएको जाली, टुटेको ब्याट र जीर्ण खेलमैदानमा शुक्लाफाँटा नगरपालिकाका क्रिकेट खेलाडीले दैनिक अभ्यास गर्दै आएका छन् । क्रिकेट खेल्न आवश्यक आधारभूत सामग्रीको अभाव हुँदाहुँदै पनि खेलाडीहरूको उत्साह भने घटेको छैन । अभावै अभावका विचमा निरन्तर अभ्यास गरेर उत्कृष्ट प्रदर्शन गरी क्रिकेट खेलाडीले शुक्लाफाँटालाई उर्वर थलोका रूपमा चिनाएका छन् ।

धर्मजनता विद्यालय र कालिका माध्यमिक विद्यालयको मैदान अहिले स्थानीय क्रिकेट खेलाडीहरूको मुख्य अभ्यासस्थलका रूपमा रहेका छन् । "ती मैदानमा कहिले गाई, भैँसी त कहिले बाख्राको चराउनेको भीड हुन्छ, अभावैअभावका बीच पनि अभ्यास जारी राख्दै आएका छौँ", प्रशिक्षक साजन गौतम भन्नुभयो, "हामीसँग सुविधा छैन, तर सपना छ, यही सपना पूरा गर्ने जोशका कारण क्रिकेटमा भविष्यको सपना बुनेका खेलाडी अभ्यासमा अभ्यस्त हुँदै आएका छन् ।"

उहाँका अनुसार गत वर्ष प्रधानमन्त्री कप प्रदेशस्तरीय महिला क्रिकेटमा शुक्लाफाँटाकै तीन खेलाडीले प्रदेशको प्रतिनिधित्व गरे। टोली उपविजेता बनेपछि ठूलो खुसी छाएको उहाँ बताउनुहुन्छ। "यस वर्ष प्रधानमन्त्री कप प्रदेशस्तरीय महिला अण्डर-१९ प्रतियोगितामा उपाधिनै जित्दा उत्साह झनै बढेको छ", प्रशिक्षक गौतम भन्छन्, "यो गति कायम रह्यो भने सन् २०२७ को महिला अण्डर-१९ विश्वकपमा शुक्लाफाँटाका महिला खेलाडी नेपालका लागि मैदानमा उत्रिने विश्वास छ।"

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा सहभागी भई उत्कृष्ट प्रदर्शन गर्नुभएकी खेलाडी रविना धामीले भन्नुभयो, "अभ्यास गर्ने पूर्वाधारको सुविधा छैन, तर पनि राष्ट्रियस्तरमा पुग्न सकेका छौँ भने अझै मिहिनेत गरी रहेका छौँ, निरन्तर अभ्यासमा जुट्दै आएका छौँ, ठूलो सपना देख्न पाइन्छ भन्ने आत्मविश्वास बढेको छ।"

पुरुष क्रिकेटको अवस्थासमेत उस्तै छ । संरचना नहुँदा कठिनाइ भए पनि प्रदेश र राष्ट्रियस्तरमा निरन्तर प्रगति गरिरहेका छन्। यसै क्षेत्रबाट ललित भण्डारी, आशिष लुहार र सुशील रावलले अन्तरराष्ट्रियस्तरसम्मका प्रतियोगितामा सहभागिता जनाइसकेका छन् ।

सरोज ऐर, रमेश भट्ट, सुरज तिरुवा, कैलास ऐरलगायतले राष्ट्रिय टोलीमा खेलिसकेका छन् । यी उपलब्धिले शुक्लाफाँटा क्रिकेटका लागि उर्बर भूमि बनेको पुष्टि गर्छ । पुरुष अण्डर १६ र १९ लाई राष्ट्रिय प्रतियोगितासम्म पुऱ्याउने लक्ष्य लिएर प्रशिक्षणको कार्य भइरहेको साजन बताउनुहुन्छ, तर कठिनाइ अनगिन्ती छन् । अभावकै कारण धेरै प्रतिभा हराइरहेका छन् । प्रतिभा भएर पनि अवसर नपाउँदा नगरपालिकाका धेरै जना क्रिकेटका खेलाडी घरको आर्थिक अबस्था नाजुक हुँदा जीविकोपार्जनका लागि भारततर्फ लागेका छन् ।

यहाँका अधिकांश खेलाडीका परिवार भारतीय बजारमा मजदुरी गर्छन् वा गाउँमै ज्यालामा निर्भर छन् । त्यस्ता अवस्थामै पनि उनीहरूले क्रिकेटलाई निरन्तरता दिएका छन् । बल र नेट खरिद गर्नै मुस्किल हुने अवस्था छ। अभ्यास मैदानको पिच वर्षौंदेखि जीर्ण अवस्थामा छ। प्रशिक्षक गौतमको भनाइमा तत्कालीन आवश्यकता भनेकै टूफ विकेट, नयाँ नेट, बल र फेन्सिङको हो। "यी आधारभूत कुरा भए अन्तरराष्ट्रियस्तरका थप खेलाडी निस्कन सक्छन्", गौतमले भन्नुभयो।

प्रशिक्षक गौम भन्नुहुन्छ, "स्थानीयस्तरमा केही सहयोगी हात बढेका छन्, खेलप्रेमीहरूले बल र अन्य सामग्री उपलब्ध गराएका छन् । तर खेललाई दिगो बनाउन नगरपालिकादेखि प्रदेश सरकारसम्मको ध्यान आवश्यक छ।" क्रिकेटको लोकप्रियता यहाँ यति बढेको छ कि विद्यालयस्तरमा हुने प्रतियोगिता हेर्न सयौँ दर्शक जुट्छन्।

युवाहरूका हातमा ब्याट-बल देख्दा अभिभावकले गर्व गर्ने गरेका छन्। स्थानीय खेलप्रेमी सरोज ऐर भन्नुहुन्छ, "हाम्रो नाम क्रिकेटकै कारण टाढाटाढा पुगेको छ, संरचनागत सहयोगको आवश्यक छ, आवश्यक सामग्रीको अभावपूर्रि्त हुने हो भने यो क्षेत्र क्रिकेटको हब बन्न सक्छ।" शुक्लाफाँटामा क्रिकेटको चहलपहल करिब दुई दशकअघि नै सुरु भएको हो । तर संरचना र अभ्यास गर्ने उचित ठाउँ नहुँदा धेरै प्रतिभा हराउँदै गएका छन् । युवा खेलाडीहरूले गर्दै आएको प्रदर्शनले शुक्लाफाँटालाई क्रिकेटको केन्द्रका रूपमा चिनाउने विश्वास ऐर व्यक्त गर्नुहुन्छ।रासस

> **"ती मैदानमा कहिले गाई, भैँसी त कहिले बाख्राको चराउनेको भीड हुन्छ, अभावैअभावका बीच पनि अभ्यास जारी राख्दै आएका छौँ"**

# गाजा सहरमा आक्रमण जारी, महिला र बालबालिका सङ्कटमा

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । गाजा सहरमा जारी आक्रमणका कारण हजारौँ नागरिकहरू आफ्नो ज्यान जोगाउन विभिन्न उपायबाट सुरक्षित स्थानतर्फ जाँदै गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालय (ओछा) का अनुसार, यतिबेला गाजामा भइरहेका स्थल र हवाई आक्रमणका कारण धेरैजसो नागरिक गम्भीर संकटमा परेका छन् । बालबालिका, वृद्ध, महिला लगायत सबैले कठिन परिस्थितिको सामना गरिरहेका छन् ।

ओछाले दिएको जानकारी अनुसार, आक्रमणसँगै गाजाको दक्षिण भागतर्फ विस्थापित हुने नागरिकहरूको संख्या तीव्र रूपमा बढिरहेको छ । धेरैजसो मानिसहरू गाडी, टेम्पो, साइकल र पैदल नै यात्रा गर्दै सुरक्षित ठाउँ खोजिरहेका छन् । यस्ता यात्रामा उनीहरूलाई न त पिउने पानी, न त खानपिनको व्यवस्था, न त ओत लाग्ने ठाउँ उपलब्ध छ ।



"हामीका सहकर्मीहरूले रातभरि हिंडेर आइपुगेका थकित, भोकाएका र पीडामा परेका नागरिकहरू देखेका छन्," ओछाले उल्लेख गरेको छ । "अल-राशिद सडकमा गाडी, टेम्पो र पैदलयात्रीहरूको अत्यधिक चाप छ । सबैजना सम्भावित जोखिमबाट बच्न दक्षिणतर्फ गइरहेका छन् ।"

यद्यपि इजरायली पक्षले सलाह अद-दिन सडक प्रयोग गर्न आग्रह गरेको थियो, सो सडक हाल सवारीसाधनका लागि चलायमान नरहेको जानकारी प्राप्त भएको छ । अल-राशिद सडक नै अहिले खुला मार्गको रूपमा प्रयोग भइरहेको छ ।

खान युनिस क्षेत्रमा ओछा नेतृत्वको टोलीले विस्थापित परिवारहरूको अवस्था बुझ्दा उनीहरूलाई आपत्कालीन आश्रय, पोषणयुक्त खाना, सफा पिउने पानी र औषधोपचारको खाँचो देखिएको छ । गाजामा पुग्ने राहत सामग्री अहिले पनि आवश्यक मात्राभन्दा निकै कम छ ।

संयुक्त राष्ट्र बालकोष (युनिसेफ) ले गम्भीर चिन्ता व्यक्त गर्दै बिहीबार गाजा सहरमा कुपोषित बालबालिकाका लागि ल्याइएको विशेष पोषण सामग्री लुटिएको थियो । ती सामग्रीले झन्डै दुई हजार ७०० बालबालिकालाई उपचारमा सहयोग पुग्थ्यो । युनिसेफले यस्तो दुर्भाग्यपूर्ण घटनाबाट गम्भीर पीडा भएको जनाउँदै, दीर्घकालीन युद्धविराम अत्यावश्यक भएको स्पष्ट पारेको छ ।

ओछाले थप जानकारी दिँदै उत्तरतर्फ पुग्ने एकमात्र मार्ग 'जिकिम नाका' बन्द रहेको भनेको छ । गाजा सहरमा इन्धन पुऱ्याउने प्रयास अनुमति नपाएर रोकिएको थियो ।

# पुनःस्थापनाका पर्खाइमा मुक्त हलिया

कञ्चनपुर । संविधान जारी भएको दशक वित्तिसक्दा पनि हलिया प्रथाबाट मुक्त भएका हजारौँ परिवार अझै पुनःस्थापनाको पर्खाइमा छन् ।

संविधानले सुनिश्चित गरेका अधिकारको प्रत्याभूति हुन नसक्दा दासत्वको स्वरूपमा रहेको हलिया प्रथा अन्त्य भएको १७ वर्ष पुग्न लाग्दा पनि मुक्त हलियाको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको हो । विस २०६५ भदौ १४ गते तत्कालीन सरकारले हलिया मुक्तिको घोषणा गरेको थियो ।

तत्कालीन सरकार र हलिया महासङ्घबीच भएको पाँच बुँदे सम्झौताको आधारमा पुनःस्थापनाकार्य अघि बढाइने सहमति भएको थियो तर समय सापेक्ष व्यवस्थापन र योजनाबद्ध कार्यान्वयन नहुँदा अपेक्षित परिणाम हासिल हुन सकेन ।मुक्त हलिया समाज कञ्चनपुरका अध्यक्ष शिवी लुहार भन्नुहुन्छ, “सुरुवात राम्रै भए पनि पुनःस्थापनाकार्य अधुरो र अपुरो छ, संविधानले समानता र न्यायको अधिकार सुनिश्चित गरे पनि शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच अझै न्यून छ ।”

“विगतमा बजेट विनियोजन भए पनि प्रभावकारी ढङ्गले कार्यान्वयन नहुँदा पुनःस्थापनाको काम अघि बढ्न सकेको छैन” उहाँले भन्नुभयो, “पहिले पुनःस्थापन समस्या समाधान समितिमार्फत काम अघि बढ्दा केही प्रगति भएको भए पनि पछिल्लो समय सङ्घीयता कार्यान्वयनसँगै जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएपछि पुनःस्थापनको कार्यले गति लिन सकेको छैन ।”सरकारी तथ्याङ्कअनुसार सुदूरपश्चिम र कर्णाली प्रदेशमा तीन हजार ४०७ मुक्त हलिया परिवार अझै पुनःस्थापन हुन बाँकी छन् । सुदूरपश्चिमका दार्चुला बाहेकका सात जिल्ला र कर्णाली प्रदेशको सुर्खेतमा पुनःस्थापनाको काम सम्पन्न हुन बाँकी छ ।

तथ्याङ्कअनुसार, प्रारम्भमा १९ हजार ५९ घरपरिवारको विवरण सङ्कलन गरिएको थियो । त्यसमध्ये सरकारले पुनःप्रमाणिकरण गरेका १६ हजार ९५३ घरपरिवारमध्ये हालसम्म १३ हजार ५४६ परिवार मात्र पुनःस्थापनाको प्याकेज पाएका छन् । अझै एक हजार १०४ परिवार अन्तिम किस्ताको रकम पाउनबाट बञ्चित रहेका छन ।कञ्चनपुरमा “क” श्रेणीका मात्रै १०६ जनाले जग्गा खरिद र घर निर्माणको रकम पाउन बाँकी छ भने “ख” श्रेणीका ७२३ जनाले घर निर्माणको दोस्रो किस्ता अझै प्राप्त गरेका छैनन् ।

मुक्त हलियाको पुनःस्थापनामा ढिलाइ हुनुका कारणमा विभिन्न तहबीचको समन्वय अभाव प्रमुख कारण मानिन्छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पछिल्ला वर्ष बजेट नै विनियोजन नगरेपछि समस्या थप गम्भीर बनेको मुक्त हलियाहरूको बुझाइ छ ।

पूर्वसंविधानसभा सदस्य तथा हलिया आन्दोलनका अगुवा हरि श्रीपाइली भन्नुहुन्छ, “तत्कालीन समयमा लगतमा नाम छुटेका हलियाको पहिचान हुन सकेको छैन, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सशक्तिकरणलगायतका मुद्दालाई सरकारले प्राथमिकतामा राखेर प्रभावकारी कार्यान्वयन गर्न नसक्दा सम्मानजनक



जीवन पाउन सकिएको छैन ।”

सङ्घीय सरकारले विसं २०७६ मा सुदूरपश्चिम प्रदेशका आठ जिल्लाका ५८ स्थानीय तहमा एक हजार ५५ परिवारको पुनःस्थापन जिम्मेवारी हस्तान्तरण गरेको थियो । तर स्थानीय तहले त्यसलाई प्राथमिकतामा नराख्दा रकम वर्षेनी फिर्ता हुने अवस्था आएको सरोकारवालाको भनाइ छ ।

मुक्त हलियामध्ये करिब ९७ प्रतिशत दलित समुदायका व्यक्ति रहेका छन । जातीय विभेद र छुवाछूतका कारण उनीहरूलाई स्थानीयस्तरमा होटल, पसल, डेरीजस्ता व्यवसाय सञ्चालनमा कठिनाइ हुने गरेको मुक्त हलिया लक्षी लुहार बताउनुहुन्छ ।“युवासँग सीप भए पनि पूँजी अभाव छ, सीप नभएका युवाले स्वदेश वा विदेशमा सस्तो श्रम बेच्नुपर्ने अवस्था छ,” उहाँले भन्नुभयो, “परम्परागत व्यवसाय आधुनिक र प्रतिस्पर्धी बन्न नसक्दा रोजगारीको वैकल्पिक अवसर भेटिएको छैन ।”

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालका अध्यक्ष ईश्वर सुनारका अनुसार, हाल सुदूरपश्चिम प्रदेश सरकारले विसं २०८० मा “मुक्त हलिया, कमैया, कम्लहरी पुनःस्थापना कार्यविधि” पारित गरी कार्यान्वयन चरणमा ल्याएको छ । चालु आर्थिक वर्षमा मात्र १०० परिवारका लागि आवास निर्माणमा तीन करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

उहाँ भन्नुहुन्छ, “नीतिगत उपलब्धी भए पनि देखिने परिणाम आएको छैन, स्थानीय तहले कार्यविधि पारित गरे पनि तथ्याङ्क संकलन, प्रमाणिकरण र परिचयपत्र वितरणमा सुस्त गति देखिएको छ ।” अहिलेको राजनीतिक उथलपुथलले मुक्त हलिया पुनःस्थापनकार्यले गति लिनेमा उहाँ शङ्का व्यक्त गर्नु हुन्छ ।मुक्त हलियाका लागि छुट्टै नीति नहुँदा संविधान, श्रम ऐन, स्थानीय सरकार सञ्चालन ऐनलगायतका कानुनमा उल्लेखित अधिकार कार्यान्वयनको तहमा कमजोर भएको सरोकारवालाको ठहर छ ।

संविधानले प्रत्येक नागरिकलाई समानता, शिक्षा, स्वास्थ्य, रोजगारी, आवासजस्ता मौलिक हक सुनिश्चित गरेको छ तर दासत्वबाट मुक्त भएको डेढ दशकभन्दा बढी समय बित्दा पनि हजारौँ हलिया परिवार अझै सम्मानजनक जीवन व्यतित गर्न नसक्नु गम्भीर प्रश्न बनेको छ ।

“परिचयपत्र पाएका तर अन्तिम किस्ताको रकम नपाएका परिवारलाई प्राथमिकतामा राखी प्याकेज दिनुपर्छ, पुनःस्थापन हुनबाट छुटेका परिवारलाई पुनःस्थापन गरिनु पर्छ” हलिया अधिकारको क्षेत्रमा कार्यरत हरि सिंह बोहरा भन्नुहुन्छ, संविधानले दिएको अधिकार कार्यान्वयन नभएसम्म मुक्त हलियाले वास्तविक अर्थमा स्वतन्त्रता र सम्मानित जीवन पाउँदैनन् ।”

प्रदेश सरकार र स्थानीय तहले हलिया परिवारका लागि खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा ध्यान दिनुपर्ने उहाँको माग छ । साथै परम्परागत व्यवसायलाई आधुनिकीकरण गरी सीपमूलक तालिम, रोजगारी र उद्यमशीलताको अवसर उपलब्ध गराउनुपर्नेमा उहाँको जोड रहेको छ ।रासस

# अविरल वर्षाले धानबालीमा क्षति

नवलपरासी । हालैको अविरल वर्षाले बर्दघाट सुस्ता पश्चिम नवलपरासीको पाल्हीनन्दन र सरावलका धान बालीमा क्षति पुर्‍याएको छ ।

पाल्हीनन्दन र सरावलमा ७०० बिघाहभन्दा बढी धान बाली डुबान भएको पाल्हीनन्दन(१ का वडासदस्य चुल्हाइप्रसाद यादवले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष सरावल र पाल्हीनन्दनका शंकरपुरमा धान बाली सप्राएको थियो ।

उहाँका अनुसार धनेवा र झरही खोलामा आएको बाढीले पाल्हीनन्दन र सरावलको धानबालीमा क्षति पुर्‍याएको हो । पाल्हीनन्दनको शंकरपुर र सरावल गाउँपालिकाको मधवलीया, खडवना र भुजहवाका किसान चैते फसल गेंहु, तोरी, मसुरो र केही मात्रामा ऊखु खेती गर्छन् ।

वडासदस्य यादवले भन्नुभयो,“पाल्हीनन्दन र सरावलका किसान प्रत्येक वर्ष धानबाली लगाउँदछन् । बाढीले खेतमै धान सडछ धान काटन पाउँदैनन् । यस वर्ष धान काट्न पाईन्छ की भन्ने आश लागेको थियो । कतिपय धान फलिसकेको थियो । केही प्रजातिका धान फलिरहेको थियो । अहिले धान काटने बोला बाढी आएर हामीलाई बर्बाद बनायो ।”

बाढीले सरावलमा ७०० बढी बिघाहमा लगाइएको धान बाली डुबान भएको सरावल(७ का वडाध्यक्ष हेयात खान धुनियाले जानकारीदिनुभयो । सरावल-६ मधवलीयाका किसान घनश्यामा चौधरीले डेढ बिघाहमा लगाइएको धानबाली नष्ट भएको छ । रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०६/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : कुमारी इन्दु**<br>बाबुको नाम : सत्य नारायण यादव, बाजेको नाम : असर्फि यादव<br>ठेगाना : सि.सि - २, सप्तरी, हाल : विष्णुपुर - २, सप्तरी<br>ना.प्र.प.नं. : १६-०१-७१-०९३७८, जि.प्र.का. सप्तरी, जारी मिति : २०७१/१२/१७<br>**शाखा कार्यालय : रुपनी, सप्तरी** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : सत्य नारायण यादव**<br>बाबुको नाम : असर्फि यादव<br>बाजेको नाम : बच्चा यादव<br>ठेगाना : चपेना - ८, सप्तरी<br>हाल : विष्णुपुर - २, सप्तरी<br>ना.प्र.प.नं. : ११००४४१<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०३९/११/३० | **२. नाम : इन्द्रजित कुमार यादव**<br>बाबुको नाम : सत्य नारायण यादव<br>बाजेको नाम : असर्फि यादव<br>ठेगाना : सि.सि - २, सप्तरी<br>हाल : विष्णुपुर - २, सप्तरी<br>ना.प्र.प.नं. : १६१०६५/५१९<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६९/१२/२९ |
| | **३. नाम : कुमारी राम प्रभा**<br>पतिको नाम : सत्य नारायण यादव, ससुराको नाम : असर्फि यादव<br>ठेगाना : सि.सि - २, सप्तरी, हाल : विष्णुपुर - २, सप्तरी<br>ना.प्र.प.नं. : ११०, जि.प्र.का. सप्तरी, जारी मिति : २०४७/११/२७ | |
| | **धितोको विवरण** | |
| | कुमारी राम प्रभाको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता रहेको सिमराहासिग्यौन -१, सप्तरी स्थित कित्ता नं. १३२४ को क्षेत्रफल ०-३-१३ र कित्ता नं. १३२३ को क्षेत्रफल ०-२-१०-० (बिगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ आश्विन २६ गते आइतबार १२:०० बजे सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ आश्विन २६ गते आइतबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६


# दसैंको सामग्री बनाउन व्यस्त भक्तपुरका कुमालेहरू

भादगाउँ । सूर्यविनायकको श्याम प्रजापतिको परिवार यतिबेला दसैंको लागि माटोको सामग्री तयार गर्न निकै व्यस्त छन् । बिहानदेखि बेलुकीसम्म फुर्सद छैन । नजिकिँदै आएको दसैंका कारण राति समेत काम गर्नुपर्ने व्यस्तता छ ।

दसैंको घटस्थापनादेखि सप्तमी, महाअष्टमी, महानवमी र बडादसैंको दिन पूजा गर्न आवश्यक पर्व सामग्रीहरू बनाउन अहिले उहाँको परिवारलाई भ्याइनभ्याइ भएको हो । “दसैं आइसक्यो । अर्डरको सामान बनाउन अझै बाँकी छ । श्यामले भन्नुभयो, “अहिले परिवारका सबै सदस्यहरू यसै काममा व्यस्त छन् । छोराछोरी बिहान र स्कुल छुट्टी पछि यसै काममा व्यस्त छन् ।”

श्यामका बुबाआमा, श्रीमती, बहिनी, छोराछोरीहरू घटस्थापनामा पूजा कोठामा राख्ने गमला, सानो ध्याम्पो,



धुपौरो, दूध राख्ने गपचा, जाँड राख्ने थापेङ र सोमा, रक्सी खाख्ने अंती, दूध पतु, सुकुना, गपचा, समेबजी खोला, सल्लीलगायतका सामग्री बनाउनमा व्यस्त छन् । दसैंमा जमरा राख्ने ढुकुटी कोठामा देवी दुर्गाको पूजाका लागि माटोले बनेका सामग्रीको बढी प्रयोग हुने भएकाले बजारमा यसको माग उच्च छ । यही माग धान्न अहिले श्यामका परिवारका सदस्यहरू माटो मुछ्ने, भाँडा बनाउने, सुकाउने, रङ लगाउने, आगोमा राख्नेदेखि सम्पूर्ण तयारी गरी बजार लाने काममा व्यस्त छन् ।

त्यसैगरी भक्तपुरको तालाक्को टोलका अर्को व्यवसायी सुन्दर प्रजापतिलाई पनि यतिबेला भ्याइनभ्याइ छ । बिहान उठेदेखि दसैंको अर्डरका लागि आएको सामग्री बनाउने कार्यमा व्यस्त छन् । दसैं र तिहारको समयमा अर्डर आएका पर्व सामग्री मागअनुसार समयमा पुर्‍याउन सके वर्ष दिनका लागि घर चलाउन र बच्चाहरूको स्कुलको खर्च सजिलै पुग्ने, अरु बेला त्यति धेरै व्यस्त हुन नपर्ने सुन्दर बताउँछन् । उहाँले भन्नुभयो, “यो समयमा उपत्यकालगायत बाहिरी जिल्लाहरूबाट अर्डर आएका पर्व सामग्रीहरू समय पुर्‍याउन सके खासै अरु बेला व्यस्त हुन् पर्दैन । यसैले वर्ष दिनमा खान, लाउन र छोराछोरीको खर्च पुग्छ । हामीले बढी दुःख गर्ने भनेको दसैं, तिहार र छठको लागि तीन महिना हो । अरु बेला फुर्सदमा काम गरेपनि खासै फरक पर्दैन । यतिले वर्षदिनमा गुजारा गर्न सहज हुन्छ ।”

बजारमा विभिन्न आधुनिक सामान भए पनि पर्वको समयमा माटोको सामग्री बढी प्रयोग हुने भएकाले पनि यस्को व्यापार निकै फस्टाउँदै गएको व्यापारीहरू बताउँछन् । यस व्यवसायमा लागत र परिश्रम अनुसार बढी आम्दानी हुने भएकाले पेसाप्रति नयाँ पुस्ताहरू आकर्षित भएको देखिन्छ ।

भक्तपुरमा दुई रुपैयाँ ५० पैसादेखि ९०० सम्मका सामग्री उत्पादन हुन्छ । चाडपर्वको समय भक्तपुरको तालक्को र सूर्यविनायकको मात्र नभएर सूर्यमढी, लिवाली, तुमुचो, बुलुचा, घलाटे, चोलिँचा, च्याम्हासिहं र कुम्हालेहरूको परिवारका सदस्यहरू समेत पर्व सामग्री बनाउने कायमा व्यस्त देखिन्छ । यो सयम अधिकांस कुम्हाले परिवारका सदस्यहरू भाँडा बनाउने, सुकाउने, रङ लगाउने, बुट्टा राख्ने, मिलाएर बजार पठाउने कार्यमा व्यस्त छन् ।

भक्तपुरमा उत्पादन गर्ने पर्व सामग्रीहरू नवदुर्गा देवगृह, तलेजु मन्दिर, एकान्त कुमारीको देवगृह, भक्तपुर नगर, काठमाडौँ, ललितपुर, पनौती, त्रिशूली, पोखरा, कीर्तिपुर, थेचो, बनेपा, धुलिखेलसम्म पुग्ने व्यवसायी सुन्दर प्रजापतिले जानकारी दिनुभयो ।रासस

# चाडपर्व लक्षित बजार अनुगमन गर्दै कामपा

काठमाण्डु । काठमाडौं महानगरपालिकाले आगामी सातादेखि चाडपर्व लक्षित बजार अनुगमन गर्ने जनाएको छ ।

गत भदौ २३ र २४ गते देशभर भएका जेनजी आन्दोलनका कारण एक हप्ता पर सरेको बजार अनुमगन आगामी सातादेखि गर्ने तयारी रहेको कामपाले जानकारी दिएको छ । कामपाको सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेका अनुसार हिन्दुहरूको महान् पर्व बडादसैं नजिकै आइसकेको अवस्था छ तर आन्दोलनका कारण बजार व्यवस्थापनका लागि अनुगमन हुन सकेको थिएन अब आउने सातादेखि गर्ने तयारी छ ।



प्रमुख काफ्लेले भन्नुभयो, “कामपाले बजार अनुगमन गर्दा केन्द्रबाट पनि अनुगमन टोली, सुरक्षा निकायसहितको सहभागितामा मात्र गर्ने गरेको छ । आन्दोलनका कारण सरकारका सबै संयन्त्रहरू काममा फर्किसकेको अवस्था नभएकाले आगामी सातादेखि मात्र अनुगमन गरिने तयारी गरिएको हो ।”

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक एवं महानगरकी उपप्रमुख सुनिता डङ्गोलको नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन टोलीले प्रदर्शनी मार्गस्थित टुकुचा तरकारी बजार, खसी बजार, खाद्य संस्थान सुपथ बिक्री कक्षलगायतको अनुगमन गर्ने पनि सहायक प्रवक्ता काफ्लेले जानकारी दिनुभयो ।

कामपा अनुगमन टोलीले विगतका वर्षहरूमा पनि सुपरमार्केट खाद्य वस्तुको बिक्री व्यवस्था अनुगमन गर्दै सामानको मूल्य, उत्पादन मिति, म्याद सकिने मिति, अधिकतम मूल्यजस्ता पक्षमा ध्यान दिन सुझाव दिने गर्दै आएको थियो । अनुगमनको क्रममा कमजोरी भेटिए वा उपभोक्तालाई ठगी गरे पाइए कानुअनुसार जरिवाना र थप कारबाही गरिने समेत गर्ने कामपाले चेतावनी दिएको छ ।

स्वच्छ र गुणस्तरीय सामान, सुपथ मूल्यका लागि उपभोक्ता आफैं सचेत हुनुपर्ने पनि कामपाको भनाइ रहेको छ । अन्य समयमा पनि फुटफुट बजार अनुगमन गर्दै आएको कामपाले चाडपर्वमा भने नियमितजस्तै अनुमगन गर्ने गरेको छ ।

बर्खाको समयमा कामपाले पिउने पानी राखिएको जारको नियमितजस्तै अनुगमन गरेको थियो भने मापदण्डविपरीतका करिब ३०० जार नष्ट समेत गरेको थियो । त्यस्तै उपभोक्ताले गरेका गुनासोको आधारमा होटल र मिठाई पसलको अनुगमन गर्दा खाद्य वस्तु भेटिएपछि रु दुई लाख जरिवाना गराएको थियो । रासस

# धरान उपमहानगरले ल्यायो दुई अर्ब २० करोडको बजेट

धरान । धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । आज १७औं नगरसभामा धरानका उपप्रमुख अइन्द्रविक्रम बेघाले आव २०८२/८३ का लागि रु दुई अर्ब २० करोड ७४ लाख ५९ हजारको बजेट प्रस्तुत गर्नुभयो ।




बजेटको स्रोतमा आन्तरिक राजस्वबाट रु ८० करोड ५३ लाख ६५ हजार, सङ्घीय सरकारबाट अनुदान रु ८९ करोड २९ लाख, प्रदेश सरकारबाट अनुदान रु सात करोड ७३ लाख ४४ हजार, राजस्व बाँडफाँटबाट रु ३४ करोड १८ लाख ५० हजार, सडक बोर्डबाट रु दुई करोड र गत वर्षको मौज्दातबाट रु सात करोड प्राप्त हुने अनुमान गरिएको छ ।

सहरी योजना तथा भौतिक पूर्वाधार विकासततर्फ रु ६६ करोड ९४ लाख, शिक्षा, युवा तथा खेलकुदतर्फ रु ४६ करोड ८५ लाख, स्वास्थ्यतर्फ रु छ करोड ९९ लाख ९५ हजार, सामाजिक विकासतर्फ रु चार करोड ८६ लाख ४५ हजार विनियोजन गरिएको छ ।

साथै आर्थिक विकासतर्फ रु एक करोड २९ लाख, वन वातवरण ऊर्जा तथा विपद् व्यवस्थापनतर्फ रु दुई करोड ७४ लाख ५० हजार, कानुन तथा न्याय सम्पादनतर्फ रु २० लाख, सार्वजानिक जग्गा संरक्षणतर्फ रु १५ लाख, राजस्व परिचालनतर्फ रु ४३ लाख र नगर भिजन कार्यक्रमतर्फ रु पाँच करोड पाँच लाख विनियोजन गरिएको छ ।

चालु आवका लागि धरानका २० वटा वडाका लागि रु २१ करोड विनियोजन गरेको छ ।

त्यसैगरी नगर कार्यपालिकातर्फ निःसर्त विनियोजन र एक अर्ब ३१ करोड ९२ लाख ८२ हजार, ससर्त अनुदानबाट रु ६० करोड ५६ लाख ७७ हजार, समपूरक बजेटबाट रु एक करोड ८२ लाख र विशेष अनुदानबाट रु पाँच करोड ४३ लाख विनियोजन गरिएको छ । नगरपालिकाले बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास, विपद् व्यवस्थापनलगायतका क्षेत्रमा बजेट प्राथमिकता दिइएको उपप्रमुख बेघाले बताउनुभयो ।रासस

# बजेट अभावमा अलपत्र अस्पताल

ढोरपाटन । चार वर्ष अगाडि निर्माण सुरु भएको निसीखोला आधारभूत अस्पताल बजेट अभावमा अलपत्र परेको छ । विसं २०८० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको उक्त अस्पताल पर्याप्त बजेट नआउँदा अलपत्र परेको हो । निसीखोला गाउँपालिका-४ झिम्पामा बन्दै गरेको १० श्ययाको आधारभूत अस्पताल निर्माणका लागि लागि विसं २०७८ साल माघ २० गते सम्झौता भएर काम सुरु भएको थियो ।

रु आठ करोड २४ लाखमा निर्माण सुरु भएको अस्पताल विसं २०८० पुसमा सम्पन्न गर्ने गरी निर्माण सुरु भएको थियो । हालसम्म ८० प्रतिशत मात्रै काम सकिएको हिन्दुङ आइएस/एसी जेबी कन्ट्रक्सनका प्रमुख दीपककुमार अदैले जनाकारी दिनुभयो । बजेट नआउँदा एक वर्षदेखि काम रोकिएको उहाँको भनाइ छ ।

पालिकाबाट भुक्तान गर्न बाँकी रहेको रु एक करोड १० लाखसहित थप रु ६० लाख व्यवस्थापन गर्नसके काम गर्न समस्या नहुने उहाँ बताउनुहुन्छ । लामो समयसम्म काम गरेको भुक्तानी नपाउँदा समस्या परेको अदैले सुनाउनुभयो । पालिकाले बजेट व्यवस्थापन गरेको भए अघिल्लो वर्षनै अस्पताल सम्पन्न भई सक्ने उहाँको भनाइ छ । पोहोर सालनै सकिनुपर्ने अस्पतालको काम बजेट नआएपछि गत असार मसान्तसम्म म्याद थप भएको थियो । बजेट नआएसम्म काम गर्न नसकिने अदै बताउनुहुन्छ ।रासस

# जनमतबाट अलग भएकाले गठन गरे जनस्वराज पार्टी

पूर्ण समानुपातिक निर्वाचन प्रणाली, बेथिति, भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही राजनीतिक स्थापना गराउनुको साथै स्थानीय स्वायत्तता र जनताको प्रत्यक्ष सहभागितासहित कार्यकारी राष्ट्रपति प्रणाली अवलम्बन गर्नेलगायत उद्देश्य रहेको उनले प्रस्ट्याए ।

**टुडे समाचारदाता**

जनकपुरधाम। जनमत पार्टीबाट अलग भएका र कारबाहीमा परेका नेताहरूले नयाँ पार्टी गठन गर्दै घोषणा गरेका छन् ।

जनकपुरधाममा शनिबार डा.सञ्जयकुमार साहको अध्यक्षतामा दुई दिनसम्म चलेको बैठकबाट जनमत पार्टीका विद्रोही नेताहरूले जनस्वराज पार्टी गठन गरेका छन् ।

सम्यक् समाजका लागि सामूहिक नेतृत्वमा पार्टी सञ्चालन गर्ने भएकाले पार्टी अध्यक्ष कसैलाई नबनाइएको ई.दीपक साहले जानकारी दिए। ई. साहले भने, 'पार्टी सञ्चालनका लागि विभिन्न विभागहरू गठन गर्छौं, त्यो विभागको जिम्मेवारी दिएर पार्टी सञ्चालन गर्छौं ।'

पार्टी गठनसँगै तीन वटा विभाग पनि बनाइएको छ । साहलाई राजनीतिक संगठन विभागको जिम्मेवारी दिइएको छ भने ई. सुरेन्द्रनारायण यादवलाई आर्थिक विभागको जिम्मेवारी दिइएको छ । त्यस्तै प्रशिक्षण विभागको जिम्मेवारी डा. सञ्जयकुमार साहलाई दिइएको छ ।

विभिन्न विभाग गठन गरी जिम्मेवारी बाँडफाँट गरेर पार्टीको हरेक गतिविधिहरू बढाइने योजना रहेको नेता ई. साहले बताए । अन्य नेताहरूलाई पनि सोही अनुसार विभागीय जिम्मेवारी दिने तयारी भइरहेको उनले बताए । ई. साह यसअघि जनमत पार्टीमा उपाध्यक्ष तथा



अनुशासन समिति संयोजक थिए भने ई. यादव कोषाध्यक्ष थिए। दुवै जनालाई जनमत पार्टीका अध्यक्ष राउतले कारबाही गरेर पार्टीबाट निष्काशित गरेका थिए।

जेन- जी आन्दोलनपछि जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानको नेतृत्वमा केही नेताहरुले सामूहिक रुपमै पार्टीभित्र विद्रोह गरेर अलग भएका छन् । हाल उनीहरू गठन भएको नयाँ पार्टीमा नभए पनि नयाँ पार्टीसँग निरन्तर सम्पर्कमै रहको नेता ई. साहले बताए।

जनस्वराज पार्टीले व्यक्तिवाद नभइ सामूहिक सहभागिता, राजनीति नभइ, सेवा गर्ने प्रतिबद्धता, पद नभइ, जिम्मेवारी र जवाफदेहिता, विभाजन नभइ, एकता तथा समानताका लागि प्रतिबद्धता रही पार्टी गठन गरिए पनि अन्ततः व्यक्तिवाद, नातावाद, कृपावादमा अल्झेर आफ्नो अभिष्ट पूरा गर्नका लागि मात्रै पार्टीको नाममा दुरुपयोग गरेको देखिएपछि आफूहरुले उनीहरुलाई प्रश्न गरेर सुधार गर्न खोजे पनि आफूहरुलाई नै तह लगाइएको आरोप उनको छ । नवगठित पार्टीले जनताले आफ्नो शासन आफैं गर्ने व्यवस्था, इमानदार, जवाफदेही, पारदर्शीता र साझा नेतृत्वको मार्गदर्शनको दृष्टिकोण तय गरिने उनको भनाइ छ ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली, बेथिति, भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही राजनीतिक स्थापना गराउनुको साथै स्थानीय स्वायत्तता र जनताको प्रत्यक्ष सहभागितासहित कार्यकारी राष्ट्रपति प्रणाली अवलम्बन गर्नेलगायत उद्देश्य रहेको उनले प्रस्ट्याए ।

# जसपा र ससपाबीच एकता हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र रिजवान अन्सारी नेतृत्वको संघीय समाजवादी पार्टीबीच कार्यगत एकताहुँदै पार्टी एकताको तयारीमा जुटेको छ ।

जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई र नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष मोहम्मद रिजवान अन्सारीबीच भएको भेटवार्ताको क्रममा राजनीतिक सहकार्यलाई सुदृढ गर्दै एकतासम्मका लागि अघि बढ्ने जनाइएको छ ।

करिब डेढ घण्टा चलेको भेटमा दुई नेताले मुलुकको वर्तमान राजनीतिक अवस्था, हालैको जेनजी आन्दोलन, संसद् विघटन र अन्तरिम सरकारको घोषणाबारे गम्भीर छलफल गरेको बताइएको छ ।

उक्त भेटवार्ताका क्रममा फागुन २१ गते तोकिएको निर्वाचन र आन्दोलनका मागहरूलाई सम्बोधन गर्ने संवैधानिक बाटोबारे पनि विचार विमर्श भएको बताइएको छ। दुवै नेताले देशलाई लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र समावेशी राज्यव्यवस्थाको बाटोमा अगाडि बढाउने साझा प्रतिबद्धता व्यक्त गरे ।

भेटघाटका क्रममा दुई पक्षबीच तत्काल कार्यगत सहकार्यलाई अगाडि बढाउँदै, क्रमशः मोर्चा निर्माण र अन्ततः पार्टी एकतासम्म पुग्ने रणनीतिमा छलफल गर्ने सहमति भएको जनाइएको छ ।

उनीहरुबीच पहिचान, संघीयता, धर्मनिरपेक्षता र संघीय लोकतान्त्रिक गणतन्त्रजस्ता संविधानका उपलब्धिलाई जोगाउँदै थप उपलब्धि हासिल गर्नका लागि एक शक्तिशाली राजनीतिक शक्ति निर्माण गर्नु अपरिहार्य रहेको औंल्याए ।

# तीनजना निर्दोषमाथि झुटो आरोपमा फसाइयो

**सञ्जय मिश्रा**

रौतहट । रौतहटका प्रहरीले तीनजना निर्दोषमाथि झुटा आरोप लगाएर फसाइएको परिवारजनले बताएका छन् ।

कटहरिया नगरपालिका-५ का ५२ वर्षीय रामचन्द्र दास सरभंग र उनकी श्रीमती पुकारी देवी सरभंगले आफ्ना तीनजना निर्दोष छोरालाई प्रहरीको मिलेमतोमा अनाहकमा कर्तव्य ज्यान मुद्दा लगाएर फसाएको गम्भीर आरोप लगाएका छन् ।

गौरमा शनिबार पत्रकार सम्मेलन गरी पीडित परिवारले इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीमाथि राजनीतिक तथा आर्थिक चलखेलको आधारमा घटनाको मुख्य दोषीलाई उम्काएर निर्दोष दलित परिवारका ३ छोरा माथि कर्तब्य ज्यान मुद्दा दर्ता गरेको दाबी गरेका हुन् ।

राजनीतिक पूर्वाग्रह राखेर गाउँकै केही मानिसले ३ जना छोरा माथि हत्याको आरोपमा इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिन लगाएको थियो । प्रहरीले घटनाको सत्य तथ्य छानबिन गर्नुको साटो विभिन्न प्रभावमा परी निर्दोष छोराहरू माथी उक्त मुद्दा दर्ता गरेको कटहरिया ५ की वडा सदस्य समेत रहेकी पुकारी देवीले पत्रकार सम्मेलनमा गुनासो गरेकी थिइन् । तीन जना छोरा माथी एकैपटक कर्तब्य ज्यान मुदा चलाएर प्रहरीले हाम्रो परिवार माथी ठूलै अन्याय गरेको दुःखेसो पोखेकी छन् ।

साउन १ गते कटहरिया-४ का संजय यादव र विजय यादवले स्थानीय २५ बर्षीय



नसिव बैठालाई मोबाइल चोरीको आरोपमा निर्घात कुटपिट गरेका थिए। दुवै दाजुभाई मिलेर बैठा लाई उल्टो झुण्ड्याएर कुटपिट गरेका थिए। कुटपिटकै क्रममा बैठाले अझै कुटिने डरका कारण दासलाई राखेर गराएको छलफल पंचायतीमा मोबाईल चोरीको आरोप पुष्टि नभएपछि प्रहरीले उनीहरुलाई छाडेको थियो । चोरी भएको मोबाइल पछि संजय-विजयकै घरमा फेला परेको वीरगञ्जसम्म उपचारमा लगे पनि भदौ ११ गते उनको मृत्यु भएको थियो ।

पीडित परिवारका अनुसार बैठाको मृत्यु प्राकृतिक कारणले भए पनि भदौं १० गते गर्भु

> प्रहरीले घटनाको सत्य तथ्य छानबिन गर्नुको साटो विभिन्न प्रभावमा परी निर्दोष छोराहरू माथी उक्त मुद्दा दर्ता गरेको कटहरिया ५ की वडा सदस्य समेत रहेकी पुकारी देवीले पत्रकार सम्मेलनमा गुनासो गरेकी थिइन् ।

छिमेकी २८ वर्षीय गर्भु दास सरभंग र ३० बर्षीय दिपलाल यादवले मलाई मोबाईल ल्याउन पठाएको बताएका थिए ।

त्यसको भोलिपल्ट मोबाईल धनी सञ्जय यादव र विजय यादवले नसिब बैठा र गर्भु दास माथी मोबाईल चोरीको आरोपमा ईलाका प्रहरी कार्यालय कटहरियामा ठाडो उजुरी दिएका थिए ।

प्रहरीले निवेदक सहीत बैठा र थियो ।

यसबीचमा आरोपी बैठाका पिता बुटाइ बैठाको आफ्नो कालगतिले निधन भएपछि नसिब क्रियापुत्री बसेका थिए। २४ घन्टे जाँडरक्सी खाने बैठा १२ दिनको क्रियाक्रममा रक्सी तथा लागुपदार्थ सेवन नगर्दा उनको स्वास्थ्य अवस्था कमजोर हुँदै गयो । स्वास्थ्य बिग्रिएपछि कटहरिया, गौर, उपचार पछी दासलाई प्रहरीले नियन्त्रणमा लिएर भोलिपल्टै मृत्युको सम्पूर्ण दोष गर्भुमाथि थोपरेको छ । त्यसपछि प्रभु दास र शम्भु दासमाथि समेत कर्तब्य ज्यान मुद्दा दर्ता गरिएको हो ।

कटहरिया-५ की वडा सदस्य समेत रहेकी पुकारी देवी सरभंगले पत्रकार सम्मेलनमा भनिन्, "मोबाइल चोरीको घटनामा संलग्नलाई उम्काएर मेरो तीन निर्दोष छोरामाथि किटानी जाहेरी दिन लगाइयो। अनुसन्धान विना नै दलित परिवारलाई उठिवास गराउने नियतले मुद्दा चलाइएको छ । हामीलाई न्याय दिलाइदिन संचारकर्मीहरुलाई विन्ती गर्दछु ।"

उनीसँगै स्थानीय शंकर साह कलवार, राजकुमार यादव, छोटेलाल साहलगायतका व्यक्तिहरुले पनि केही ब्यक्तिको इसारामा गरुडा प्रहरीले निर्दोष परिवारमाथि ज्यादती गरेको भन्दै सत्यतथ्य उजागर गर्न आग्रह गरेका थिए ।

इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीले आरोपको खण्डन गर्दै मोबाइल चोरी प्रकरणमा कुटपिट भएको केही दिनपछि चोरीको आरोप लागेका नसिव बैठाको मृत्यु भएको बताएका थिए । मृतक बैठाको आमा सुनैना देवी बैठाले भदौं १५ गते ५ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दाको जाहेरी दिएकी थिइन् । डिएसपी कार्कीले अनुसन्धान लगायत कानुनी प्रक्रिया पूरा गरेर उक्त जाहेरी दर्ता गराएको उल्लेख गर्दै भने, "मुद्दा दर्ता भइसकेको छ, दोषी वा निर्दोष हुनु अदालतले तोक्छ। अनुसन्धान भइरहेको छ, निर्दोष भए अदालतबाट छुट्नेछन् ।" मेरो कसै प्रति रिस राग छैन सबै आरोप निराधार भएको उनको भनाई रहेको छ ।

उक्त घटनामा शिवनाथ यादवका छोराहरू सञ्जय यादव, विजय यादव, र रामचन्द्र दास सरभङका छोराहरू गर्भु दास सरभङ, प्रभु दास सरभङ, शम्भु दास सरभङ माथी कर्तब्य ज्यान मुद्दा दायर गरिएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

# अन्तरिम प्रदेश सरकार गठन गर्न माग्दै चेतावनी




**टुडे समाचारदाता**

जनकपुरधाम। चुरे तथा वनजंगल संरक्षण अभियानले राजनीतिक एजेण्डादेखि प्राकृति संरक्षणसम्मका एजेण्डाहरु उठाउने भएका छन् ।

चुरे तथा वनजंगल संरक्षण अभियानले शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै प्रदेशमा पनि अन्तरिम सरकार गठनदेखि चुरे संरक्षणका लागि भन्दै जेडयुथ फर नेचर नामक संगठन गठन गरिएको जनाइएको छ ।

जनकपुरधाममा शनिबार पत्रकार सम्मेलन गर्दै जेडयुथ फर नेचर नामक संगठनको संयोजक मात्रै ताक्ने प्रावधान गरिएको छ । अहिले भने कसैलाई पनि जेडयुथ फर नेचरको संयोजक तोकिएको छैन ।

अभियानका संयोजक सुनिल यादवले नवगठित संगठनले देशको वर्तमान अवस्थामा चुरे तथा वनजंगल संरक्षणको मुद्दाप्रति सरकारले देखाएको असंवेदनशीलता, भ्रष्टाचार र कुशासनका कारण युवाहरूमा गहिरो असन्तोष उत्पन्न भएको हुने खालको व्यवहार गर्दै आएकाले आन्दोलन गर्ने चेतावनी समेत दिए ।

संयोजक यादवले विगतमा विभिन्न पटक उठाइएका चुरे संरक्षणको मागप्रति सरोकारवाला निकायले वास्ता नगरेको गुनासो आउन थालेपछि जेडयुथ फर नेचर नामक संगठन गठन गरिएको स्पष्ट गरे ।

मुलुकमा जेन- जी आन्दोलन भएपछि देशमा परिवर्तन देखिए पनि प्रदेशमा सोको अनूभुति हुन नसकेको भन्दै संयोजक यादवले प्रदेशमा पनि अन्तरिम सरकार गठन गरी सानो मन्त्रीपरिषद् गठन गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था गर्नुपर्ने, स्थानीय तहको निर्वाचन गैर-दलीय आधारमा हुनुपर्नेलगायतका मागहरु अघि सारेका छन् ।

नवगठित जेडयुथ फर नेचरले चुरे-भावर क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न, प्राकृतिक स्रोत-साधनको दोहन तत्काल रोक्न, चुरे क्षेत्रका नदीहरूमा चरणबद्ध रूपमा चेक ड्याम निर्माण गर्न र चुरे वनजंगलको संरक्षणका लागि विशेष फोर्स गठन गरी त्यसलाई डिभिजन वन कार्यालय अन्तर्गत राख्नुपर्ने मागसमेत राखेका छन् ।

उक्त मागहरू तत्काल सम्बोधन नगरिए आफूहरू भ्रष्टतन्त्रविरुद्ध प्रतिकारमा उत्रिने चेतावनी समेत उनले दिए ।

जेन- जी आन्दोलनले उठाएका सम्पूर्ण जायज मागहरूलाई समर्थन गर्दै यही असोज २३ र २४ गते शहादत प्राप्त गरेका युवा विद्यार्थीहरूलाई श्रद्धाञ्जली अर्पण निर्णय गरिएको उनले बताए ।

# संविधान पुनर्लेखनको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादवले आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत देशको वर्तमान समस्या र अवस्थाको बारेमा लेखेका छन् ।

संविधानमा समस्या रहेको भन्दै उपाध्यक्ष यादवले नेतृत्वको नियत, राज्य र पार्टी संचालनको संरचनामा समेत समस्या रहेको टिप्पणी गरेका छन् । उनले संविधान पुनर्लेखनको माग समेत गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका



उपाध्यक्ष यादवले लेखेका छन्, 'मुलुक संकट उन्मुख छ । जेन जीको आन्दोलनलाई अनदेखा र फेरि चतुरेहरू अर्कै अर्कै कुरा गरेर राजनीतिलाई अरुतिर लाने कोशिश गर्दै छ । मूल समस्याको समाधान नगरी आ-आफ्नो दुनो र स्वार्थ सोझाउने कर्ममा तल्लीन स्वार्थीहरुलाई रोकेन भने अर्को दुर्घटनालाई कसैले रोक्न सक्दैन । समस्या संविधानमा छ, नेतृत्वको नियतमा छ र राज्य र पार्टी संचालन र संरचनामा छ । त्यसैले राज्यको आमूल रूपान्तरण अनिवार्य शर्त हो। राज्यको आमूल रूपान्तरणको लागि संविधानको पूनर्लेखन, पार्टीहरुको पूनर्गठन र नेतृत्वको पुस्तान्तरण हो । यदि संविधान उत्कृष्ट, पार्टी र राज्य जनमैत्री र नेतृत्व सहि हो भने यत्रो ठूलो विद्रोह किन ? केबल एक थान असंवैधानिक टीके सरकार र चुनावको सुगा रटान समस्याको समाधान किमार्थ होइन, हुन सक्दैन ।'


भर्ना खुल्यो !



विगत १७ वर्ष देखि संचालन मा रहेको जनकपुर कै सवै भन्दा पुरानो नर्सिङ्ग होम द्वारा संचालित केयर मेडिकल सेन्टरमा नर्सिङ्ग, फार्मेसी, ल्याब टेक्निसियन मा वैकल्पिक सूची रहेको विद्यार्थीलाई ५ दिन भित्र यस क्याम्पसमा सम्पर्क गरी भर्ना हुन सुचित गरिन्छ तथा फाराम भर्न छुटेका विद्यार्थीहरुलाई पूनः प्रवेश परीक्षा र भर्नाको लागि समेत जानकारी गराईन्छ ।

नोट :- फाराम भर्ने अन्तिम मिति २०८२/०६/५

फाराम भर्ने स्थान

केयर मेडिकल सेन्टर

सरस्वती स्कुलको पछाडी

सम्पर्क नं. ०४१-५२०४७९, ९८५४०२३०५०

मानसिक स्वास्थ्य प्रति सचेत बनौं ।

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक रोगका लक्षण हुन्

मानसिक समस्या निदानको लागि :

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसंग समय बिताऔं,
- योग,ध्यानवामनपर्नेगतिविधिमासंलग्नहोऔं,

आवश्यक परेमा चिकित्सकसंग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८